अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४२ / अंक : ४० / २०८२ जेठ ९ गते शुक्रबार / नेपाल सम्वत ११४५ / May 23, 2025 / मूल्य रू. १०/-

सांसद विकास कोष नव्यूँताऊ सरकार

काठमाडौ । जनताबाट चुनिएका सांसदहरूको मुख्य काम भनेको कानुन बनाउने नै हो । उनीहरूले सरकारले विकास निर्माण गरेका कार्यहरूको अनुगमन गरी सबै क्षेत्रमा बजेट समानुपातिक ढँगले वितरण गर्न'पर्दछ भनि सरकारलाई दवाव दिनु पर्नेमा पहिला नै बद्नाम भईसकेको सांसद विकास कोष व्यूँताऊन सरकारलाई दवाव दिन थालेका छन् ।

तत्कालिन प्रधानन्यायाधिश विश्वम्भर प्रसाद श्रेष्ठले प्रधानन्यायाधिश पद समालेपछि पहिलो सम्वैधानिक इजलासले संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमसम्बन्धी व्यवस्थाका लागि छुट्याइएको रकम कार्यान्वयन नगर्न नगराउनु भन्ने अन्तरिम आदेश दिएको थियो । इजलासमा श्रेष्ठसहित तत्कालिन न्यायाधिश इश्वर प्रसाद खतिवडा, आनन्द मोहन भट्टराई अनिलकुमार सिंह र हालको

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

राजसंस्था फर्काउने अभियानमा सहभागी हुन रास्वपालाई पत्र

काठमाडौं । संयुक्त जनआन्दोलन समितिका संयोजक नवराज सुवेदीले संसदको चौथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई राजसंस्थाप पुनर्स्थापनाका लागि हुने जनआन्दोलनमा सहकार्यका निम्ति पत्र पठाएका छन् ।

संवैधानिक राजसंस्था, सनातन हिन्दू राष्ट्र र बहुदलीय प्रजातन्त्र पुनःप्राप्तिका लागि मिलेर अघि बढ्न उनको प्रस्ताव छ । सुवेदीले रास्वपाका कार्यवाहक सभापति डोल प्रसाद अर्याललाई सम्बोधन गर्दै हिजो पत्र लेखेका हुन् । उनले संयुक्त जनआन्दोलन समितिले जेठ १५ गतेदखि आन्दोलन प्रारम्भ गर्न लागेको अवगत गराएका छन् ।

पत्रमा भनिएको छ, 'तपाईंको पार्टीका सभापति श्री रवि लामिछानेज्यूले पनि हालको व्यवस्था अन्तर्गत निष्पक्ष न्याय पाउन सकिनेमा शंका व्यक्त गर्नभएको तथ्य सर्वविदित

>>> बाँकी ८ पेजमा

दुगड र अग्रवालको कब्जामा सरकार

काठमाडौ । पहिला नै सर्बोच्च अदालतले टुँगो लगाईसकेको विषयमा फेरी केही विवादास्पद व्यापारीहरूलाई पोस्नका लागि २०२० सालमा ३ पी अर्न्तगत गठन भएको साल्ट्रटेडिङ्गलाई ध्यस्त पार्ने कार्यमा सरकार किन लागि परेको छ भन्ने विषय नै रहस्यमय बनेको छ ।

साल्ट ट्रेडिङ कर्पोरेशनले मुलुकका संगमदेखि अति दुर्गम र दुर्गम जिल्लामा समेत सस्तो मूल्यमा सर्वसुलभ रूपमा नुन पुऱ्याई विक्रि गर्दे आएको छ । पछिल्लो समयमा साल्ट ट्रेडिङ्ग कर्पोरेशनले विक्रि वितरण गर्दै आएको नुनमा आयोडिन बढी भएको भन्दै साल्टले विक्रि वितरण गर्दै आएको नुनको व्यापार खुल्ला गर्ने निर्णय गर्न सरकार लागि परेको छ । साल्टले विक्रि

>>> बाँकी ८ पेजमा

मन्त्रिपरिषद्ले गर्ने निर्णयको जस-अपसज जिम्मेवारी प्रधानमन्त्रीकै

त्यही कारणले गर्दा माधव नेपाल र बाबुरामलाई उन्मुक्ति हुँदैन

काठमाडौ । गत असार १७ गते नेपाली कांग्रेस र नेकपा एमालेबीचमा भएको ७ बुँदे सहमति अनुसार गठन भएको कांग्रेस-एमालेको संयुक्त सरकारले जनताको चाहना अनुसारको काम गर्न सकेको छैन । दलगत स्वार्थले गर्दा संघीय संसदका दुई ठुला दलको संयुक्त सरकार असफल भएको खण्डमा मुलुकनै असफलताको मार्गतर्फ उन्मुख हुन सक्छ ।

संघीय संसदको प्रमुख विपक्षी दल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल लगायत माओवादी केन्द्रका नेताहरूले वर्तमान केपी ओली नेतृत्वको सरकार आजै ढल्छ, भोली नै ढल्छ, अहिले नै ढल्छ भन्ने उद्घोष गरेर सरकारलाई अस्थिरताको मार्गतर्फ उन्मुख गराउँदै आएका बेला सरकारले नेपाल राष्ट्र बैंकको गर्भनर नियुक्त गर्न सकेको थिएन ।

राजनीतिक दल र दलगत स्वार्थमा एकमत हुन नसकेको कारण गर्भनर नियुक्तिमा ढिलाई भएको थियो । कांग्रेस-एमालेबीचमा भएको सहमति अनुसार ढिलै भएपनि राष्ट्र बैंकका गर्भनरमा विश्वनाथ पौडेल नियुक्त भएका छन् । पौडेलको

गर्भनरमा नियुक्तिले गर्दा सरकारको अप्ठ्यारो अवस्था पार भएको छ । अब पुष्पकमल दाहालले भने झैं तत्काल सरकार ढल्ने अवस्था रहेन ।

पछिल्लो समयमा ओली नेतृत्वको सरकारलाई कर्मचारीतन्त्रले बलियो साथ र समर्थन गर्न सकेको जस्तो देखिएको छैन । संघीय संसदको राज्य व्यवस्था तथा सुशासन समितिले गठन गरेको उपसमितिले निजामित विधेयकमा राखिएका केही प्रावधानहरूमा सरकारका मुख्य सचिव सहित सचिवहरूले असन्तुष्टि जनाईरहेका छन् ।

संसदीय उपसमितिले पारित गरि

>>> बाँकी ८ पेजमा

भ्रष्टाचारीहरूले देखे गणतन्त्रमाथि खतरा ?

काठमाडौ । हिजोआज राजनीतिक दलका नेताहरूले गणतन्त्रमाथि खतरा उत्पन्न भएको अभिव्यक्ति दिन थालेका छन् । त्यसमा पनि विभिन्न भ्रष्टाचार काण्डमा मुछिएका व्यक्तिहरूले त्यस्तो अभिव्यक्ति दिँदै आएका छन् । पञ्चायतकालमा भ्रष्टाचारमा संलग्न भएका व्यक्तिहरूमाथि कडा कारबाही हुने गरेको भएपनि राजनीतिक परिवर्तनपछि भएका ठुला ठुला भ्रष्टाचारका काण्डमा संलग्न भएका अपवादलाई छोडेर अन्यलाई कानुनी कारबाही हुन नसकेकै कारण गणतन्त्रमाथि जनताको विशवास घट्दै गएको छ ।

पञ्चायतकालमा भएका भ्रष्टाचारका काण्डमा मन्त्रीदेखि तत्कालिन राजाका भाई धिरेन्द्र शाहको अधिराजकुमारको पदवी खोसिएको थियो भने पूर्व प्रहरी महानिरीक्षक डिबी लामा सहित नेपाली सेनाका कर्णेल भरत गुरूङसहितका धेरै व्यक्तिहरू थुनामा परेका थिए । मन्त्री पद्म सुन्दर लावतीको मन्त्री पदनै खोसिएको थियो भने हेमबहादुर मल्लले मन्त्री पद नै गुमाएर जेल बसेका थिए । यी त केही उदाहरणमात्र हुन् । तर गणतन्त्र कालमा पञ्चायत कालभन्दा ठुला ठुला भ्रष्टाचार काण्डहरू भएका छन् । जसमा ललिता निवास जग्गा काण्ड, पतञ्जली जग्गा काण्ड, बासबारी छाला तथा जुत्ता काण्ड, बालमन्दिरको जग्गा काण्ड, वाइडवडी काण्ड, ओम्नी काण्ड,

>>> बाँकी ८ पेजमा

प्रधानमन्त्री निवासमा बैठक राख्नु कति उचित ?

काठमाडौ । २०४६ सालको राजनीतिक परिवर्तन र २०६२/६३ को आन्दोलनपछि प्रधानमन्त्री बनेका प्रायः सबै प्रधानमन्त्रीहरूले प्रधानमन्त्रीको निवास बालुवाटारलाई राजनीतिक अखडा बनाउँदै आएका छन् । प्रधानमन्त्री निवासमै राजनीतिक दलका भातृ संगठनहरूका बैठक बस्ने र पार्टीको बैठकहरू समेत त्यही बस्ने गरेको हुनलो त्यसको चौतर्फी आलोचना हुँदै आएको छ । कतिपय अवस्थामा मन्त्रिपरिषद्को बैठक पनि प्रधानमन्त्री निवासमै बस्ने गरेको छ ।

आजसम्म प्रधानमन्त्री बनेका सबै व्यक्तिहरूले आफ्नो राजनीतिक दलको बैठकसम्म प्रधानमन्त्री निवासमै बोलाउने गरेका छन् । अहिलेसम्म प्रधानमन्त्री बनेका स्व. गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा, माधव नेपा, केपी ओली, झलनाथ खनाल र बाबुराम भट्टराईले आ आफ्नो दलका भातृ संगठनहरूका बैठक र कतिपय समयमा आफ्नो राजनीतिक दलको बैठक समेत बालुवाटारमै राखेर प्रधानमन्त्री निवासलाई राजनीतिक अखडा बनाउँदै आएका छन् ।

सबै राजनीतिक दलहरूका आ आफ्ना पार्टी कार्यालय रहेका भएपनि कतिपय समय उनीहरूले प्रधानमन्त्री निवासमै पार्टीको बैठक गर्ने गरेका छन् । पुष्पकमल दाहालले सबैभन्दा बढी आफ्नो पार्टीको बैठक त्यही राख्ने गरेका थिए ।

राजनीतिक दलहरूले आ आफ्ना भातृ संगठन र पार्टीको बैठक प्रधानमन्त्री निवासमा राख्दा त्यहाँ खर्च हुने रकम पनि प्रधानमन्त्री निवासले नै व्यहोर्ने गरेको छ । प्रधानमन्त्री निवास शुद्ध प्रधानमन्त्री बस्ने निवासकै रूपमा प्रयोग गरिनुपर्दछ । प्रधानमन्त्री अस्वस्थ भएको अवस्थामा मन्त्रिपरिषद्को बैठक बस्नुपरेको खण्डमा मात्र मन्त्रिपरिषद्को बैठक निवासमा गर्नु पर्ने हुन्छ त्यस्तो बेला मात्र निवासमा बैठक राख्नु बाहेक अन्य समयमा बैठक राख्नु उपर्युक्त हुँदैन ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा रहेको भएपनि अधिकांश समयमा मन्त्रिपरिषद्को बैठक प्रधानमन्त्री निवासमै राखिनुको अर्थ ? सहज अवस्थामा समेत प्रधानमन्त्रीको निवासमै बैठक राखिनु कतै खर्च बढी देखाउनैका लागि हो कि भन्ने आशंका समेत उब्जिएको छ । मन्त्रिपरिषद्का बैठकको खर्च सरकारी खर्चबाट हुने भएपनि दलहरूको

>>> बाँकी २ पेजमा

नुनको व्यापारमा सरकार आफैंमाथि खनियो

साल्ट ट्रेडिङ कर्पोशनलाई सिध्याउने खेलमा दुगड, अग्रवाल र मल्होत्रा सक्रिय

काठमाडौ । सर्बोच्च अदालतले २०६१ चैत्र २३ गते नुनको कारोबार गर्न निजी क्षेत्रलाई आमन्त्रण गर्न नहुने निर्णय गरेको थियो । सरकारले नुनको कारोबार गर्न साल्ट टेडिङ्ग कर्पोशनलाई मात्र रोजेको भन्दै निजी कम्पनीहरूले दिएको रिट निवेदनको सुनुवाई गर्दै तत्कालिन न्यायाधिश दिलिपकुमार पौडेल र बलराम केसीको संयुक्त इजलासले देशको पहाडी तथा दुर्गम हिमाली जिल्लामा पनि नुनको आपूर्ति गरी विक्रि वितरण गर्ने व्यवस्था मिलाउनुपर्ने दायित्व सरकारको हुने फैसला गर्दै साल्ट टेडिङ्गबाट मात्र नुनको कारोबार गर्ने सरकारको निर्णय सही भएको

आदेश दिएको थियो ।

त्यसबेला सर्बोच्चले दुई वटा तर्क पेश गर्दै निजी क्षेत्रलाई नुनको कारोबार गर्न नदिन भनेको थियो । निजी क्षेत्रलाई खुल्ला राखी प्रतिस्पर्धामा छोड्दा निजी क्षेत्रका उद्योगीहरू र साल्ट टेडिङ्ग कर्पोरेशनले समेत सुगम तथा सजिला ठाउँमा मात्र नुनको आपूर्ति गरी व्यापार गर्ने र दुर्गम तथा हिमाली जिल्लामा कुनै पनि कम्पनीले नुनको सप्लाई नगर्ने भएकाले आपूर्ति अभाव सिर्जना हुन सक्ने जोखिम देखिन्छ भने सर्बोच्च अदालतको राय रहेको थियो ।

>>> बाँकी ८ पेजमा

भ्रष्टाचार गर्न नपाइने डरले गणतन्त्रमाथि खतरा

काठमाडौ । पछिल्लो समयमा भ्रष्टाचारमा संलग्न भएका व्यक्तिहरूले गणतन्त्र नै संकटमा परेको भन्दै गणतन्त्रलाई बचाउन आफूहरू लागि परेको बताउन थालेका छन् । पूर्व प्रधानमन्त्री एवं एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले हालै एउटा सार्वजनिक समारोहमा उद्घोष गरे । गणतन्त्र संकटमा पऱ्यो गणतन्त्रलाई बचाउन आफू लागि परेको छु भनेर ।

माधव नेपाल पतञ्जली जग्गा प्रकरणमा मुछिएका व्यक्ति हुन् । २०६६ मा प्रधानमन्त्री रहेका बेला माधव नेपाल नेतृत्वको मन्त्रिपरिषद्को बैठकले भारतीय योगगुरू रामदेवको पतञ्जलीलाई काश्रे लगायत मुलुकका अन्य क्षेत्रमा समेत हदबन्दी भन्दा बढीको जग्गा

>>> बाँकी ८ पेजमा

India, Pakistan- redefining deterrence

Inam Ul Haque

'Deterrence' in military parlance is, simply put, to 'deter' a potential adversary of the outsized consequences and disproportionate response to any (military) adventurism. Deterrence is established when two sides possess the means to inflict losses on each other in case of hostilities and hence decide not to initiate hostilities. Deterrence can be 'conventional'— through capabilities of conventional air, land, sea, cyber and space forces or 'non-conventional' through possession of nuclear weapons and capabilities.

Before Pulwama/Balakot in 2019, conventional and non-conventional deterrence averted military escalation between India and Pakistan, especially military incursion in mainland Pakistan by India. Kargil war (May-June 1999) before that was fought across an undefined border termed as Line of Control (LoC) in Kashmir, where there is a tacit understanding and practice of occasional flare-up on and from both sides.

Pahalgam/Operation Sindoor in 2025 ratcheted up hostilities and India, 'undeterred' by Pakistan's conventional and non-conventional military capabilities, launched brazen attacks on some 6 cities in Pakistan proper and AJK. So, the deterrence broke down. A broken deterrence needs to be re-established, hence Pakistan following its strategy of 'quid-pro-quo plus' equalised its losses and re-stablished deterrence through Operation Bunyan Marsoos. Deterrence is said to be established when both sides are standing on the equal rungs of the imaginary two-sided 'Escalation Ladder (EL)', militarily and perceptually. This equal status 'may' control further escalation.

This cycle of deterrence breakdown and re-establishment can go on, if the escalation continues which may result into a 'limited' (uni/bi-service war or conflict limited in aim, scope and space) or a full-scale/all-out war. In India Pakistan's military construct, traditionally deterrence breakdown 'would' escalate into a conventional military conflict, that may inch towards a 'possible' nuclear exchange, when continued fighting degrades a weaker Pakistan's forces and infrastructure, results into spatial losses, causes population casualty or threatens Pakistan's existential economic well-being

– all understood to be Pakistan's traditional redlines or 'thresholds'. In a nutshell, a conventional war is generally thought to precede a nuclear war.

However, Pulwama and Pahalgam have overturned this traditional construct. In today's super-charged bilateral environs, a jingoistic Indian media, in particular, creates frenzy and ratchets up war hysteria, where not only politicians but all walks of an otherwise saner population are driven towards violence, sanctioned and eulogised by nationalistic fervour.

Therefore, escalation is fast and higher than usual. Social and even mainstream media whips up sentiments and emotions to unacceptable levels, and perceptual and psychological escalation occurs faster than military escalation. And when such socio-psycho-perceptual escalation is combined with military acts, the situation becomes irretrievably difficult and dangerous. As this faster psycho-perceptual escalation puts pressure on leaders from both sides to respond with more force and alacrity.

So, the traditional construct of a conventional war leading to nuclear-specific escalation is never the case anymore. New implements of war like drones and missile strikes, although less deadly than actual combat by comparison, raise the ante unacceptably high. There is then an inadvertent slide towards miscalculation because of a communication breakdown. The US cited this communication breakdown as a reason for their involvement in the current crisis.

There seems to be less realisation of this new 'escalation normal' between the belligerents. One has repeatedly alluded to a dangerous belief among serving and retired Indian military leaders, who (erroneously) think there is space for war between India and Pakistan under the nuclear overhang. And who consider Pakistan's resolve to go nuclear, if push comes to shove, as a bluff and mere nuclear brinkmanship and blackmail.

In reality, escalation would quickly and uncontrollably slide towards a nuclear conflict for the reasons cited. And, as Pulwama and Pahalgam prove, Indian political leaders in cahoots with the cited military lobby, would continue to corner Pakistan in embarrassing situations for short-term gains, while driven by hate, blighted by irrationality and encouraged by a super-charged war mongering media.

Hence situation akin to Pulwama and Pahalgam, which may recur every now and then due to indigenous grievances within the India Union, and its security failure, would scapegoat and direct Indian wrath against Pakistan, without any proof, rationale or reason. This necessitates Pakistan to take steps 'now' to forestall such false-flag, injurious operations and India's 'retaliatory strikes like the Indian-sponsored school bus attack in Lorelai on Wednesday. And the only way this is possible is through re-establishing deterrence more robustly and more effectively. Declaration of Pakistan's nuclear policy from its ambiguous status of 'No no first use' is the need of the hour.

Pakistan can study the French example. France maintains a nuclear policy based on "strict sufficiency", by keeping its arsenal at the lowest levels as dictated by its strategic compulsions; emphasises deterrence through credible nuclear forces; and ensures and prioritises protection of France's vital interests. It envisages the use of nuclear weapons in legitimate self-defence through a 'Nuclear Triad' of air, land and seas-based nuclear weapons. It now relies upon submarine-launched ballistic missiles and air-launched cruise missiles, having scrapped land-based systems.

Selection of target and choice of munitions can also be escalatory. Indian attack on population centres and its use of long-range Brahmos (1500 km) missiles were escalatory. Pakistan exercised unprecedented restraint and limited its damage to the Indian air and ground assets, once Indian AD system was compromised consequent to the integrated, full spectrum Pakistani riposte involving air-land-cyber and space components.

Indian allegation of Pakistan using Shaheen missile (range 2,700 km) compared to the short-range Fatah Series, is at best a cover-up, coming after Delhi having realised its own mistake of using strategic Brahmos.

Both countries need to go to the drawing board and use the lessons learnt from the recent standoff to recalibrate their restraint, deterrence and escalation regimes. India in particular needs to get out of the 'perceptual trap' of blaming Pakistan for non-functional toilets in Pune and resorting to blatant escalation in case of any militant activity, trampling all norms and tenets of statehood and neighbourliness.

There may be no Trump to facilitate the next ceasefire, or the world reaction might be too late than Pakistan's response to the Indian provocations, that may be even deadlier, given the pressures and imperatives of its own demography, and India's perpetual brinkmanship.

Only nukes will restrain a bellicose India! Period.

सरकारको सार्वजनिक ऋण २६ खर्ब २२ अर्ब बढी

काठमाडौं । सरकारले तिर्न बाँकी सार्वजनिक ऋण २६ खर्ब २२ अर्ब ४० करोड रूपैयाँ देखिएको छ । सार्वजनिक ऋण व्यस्थापन कार्यालयले आइतबार सार्वजनिक गरेको वैशाख मसान्तसम्मको तथ्यांकले यस्तो देखाएको हो । चालू आवको १० महिनामा मात्रै यो एक खर्ब ८८ अर्ब ३० करोड रूपैयाँले बढेको छ । गत आवको अन्त्यसम्म सार्वजनिक ऋण २४ खर्ब ३४ अर्ब नौ करोड रूपैयाँ थियो । त्यसमा समीक्षा अवधिमा सरकारको ऋण प्राप्ति तीन खर्ब ९० अर्ब ८३ करोड रूपैयाँ छ भने ऋण भुक्तानी दुई खर्ब ५० अर्ब ७१ करोड रूपैयाँ छ । यसैगरी, विदेशी मुद्राको विनिमय दरमा आएको परिवर्तनले ऋणको दायित्वको ४८ अर्ब १९ करोड रूपैयाँ थपिएको थियो । यसरी वैशाख मसान्तसम्म सरकारको ऋण २६ खर्ब २२ अर्ब ४० करोड रूपैयाँ कायम भएको हो । त्यसमा आन्तरिक ऋण १२ खर्ब ६६ अर्ब ७० करोड रूपैयाँ र विदेशी ऋण १३ खर्ब ५५ अर्ब ६९ करोड रूपैयाँ छ ।

गत असारसम्म सरकारको आन्तरिक ऋण ११ खर्ब ८० अर्ब ९० करोड रूपैयाँ थियो । त्यसमा चालू आवको समीक्षा अवधिमा सरकारले तीन खर्ब एक अर्ब १४ करोड रूपैयाँ आन्तरिक ऋण लिएको छ । यसैगरी, दुई खर्ब १५ अर्ब ३३ करोड रूपैयाँ आन्तरिक ऋणको साँवा भुक्तानी गरेको छ । वैशाख मसान्तसम्म आउँदा आन्तरिक ऋण १२ खर्ब ६६ अर्ब ७० करोड रूपैयाँ कायम भएको छ । यस अवधिमा आन्तरिकतर्फ ब्याजबापत ५० अर्ब ३३ करोड रूपैयाँ थप भुक्तानी गरिएको छ ।

यस्तै, गत असारसम्म सरकारको बाह्य ऋण १२ खर्ब ५३ अर्ब १९ करोड रूपैयाँ थियो । त्यसमा समीक्षा अवधिमा सरकारले ८९ अर्ब ६८ करोड रूपैयाँबराबरको बाह्य ऋण प्राप्ति गरेको छ । बाह्य ऋणको साँवा भुक्तानी भने ३५ अर्ब ३८ करोड रूपैयाँ रहेको छ । विदेशी मुद्रामा आएको परिवर्तनले त्यस्तो ऋणको दायित्व थप ४८ अर्ब १९ करोड रूपैयाँ थपिएको छ । त्यसरी वैशाख मसान्तसम्म आउँदा सरकारको बाह्य ऋण १३ खर्ब ५५ अर्ब ६९ करोड रूपैयाँ कायम भएको छ । यस अवधिमा बाह्य ऋणको ब्याजबापत सात अर्ब नौ करोड रूपैयाँबराबरको थप भुक्तानी गरिएको छ ।

यो वर्ष सरकारले ऋणको साँवा-ब्याज तिर्न चार खर्ब दुई अर्ब ८५ करोड बजेट विनियोजन गरेको छ । त्यसमा समीक्षा अवधिमा सरकारले साँवा र ब्याज गरेर कुल तीन खर्ब आठ अर्ब १४ करोड रूपैयाँ भुक्तानी गरेको छ । त्यसमा ब्याज मात्रै ५७ अर्ब ४२ करोड र साँवा दुई खर्ब ५० अर्ब ७१ करोड रूपैयाँ रहेको छ । अब सरकारले यो वर्ष ९४ अर्ब ७० करोड रूपैयाँ ऋण भुक्तानी गर्नेछ । त्यसमा ४९ अर्ब साँवा र ४५ अर्ब ६९ करोड रूपैयाँ ब्याज भुक्तानी गर्ने तालिका छ ।

सरकारले चालू आर्थिक वर्षमा कुल पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेको छ, जसमा वैशाख मसान्तसम्म तीन खर्ब ९० अर्ब ८३ करोड प्राप्ति भएको छ । जुन वार्षिक लक्ष्यको तुलनामा ७१.४५ प्रतिशत हो । यस वर्ष तीन खर्ब ३० अर्ब आन्तरिक ऋण परिचालनको लक्ष्य लिइएकोमा वैशाख मसान्तसम्ममा ९१.२५ प्रतिशत अर्थात् तीन खर्ब ११ अर्ब १४ करोड उठाइएको छ । त्यस्तै, दुई खर्ब १७ अर्ब बाह्य ऋण परिचालनको लक्ष्य लिइएकोमा ४१.३३ प्रतिशत अर्थात् ८९ अर्ब ६८ करोड उठाएको छ । वार्षिक लक्ष्यअनुसार सरकारले बाँकी दुई महिनामा २८ अर्ब ८५ करोड आन्तरिक र एक खर्ब २७ अर्ब ३१ करोड बाह्य गरी कुल एक खर्ब ५६ अर्ब १६ करोड रूपैयाँ सार्वजनिक ऋण परिचालन गर्न सक्नेछ ।

आर्थिक वर्ष सकिँदै गर्दा सरकार स्रोतको व्यवस्थापनको चापमा छ । स्रोत व्यस्थापनमा ऋण पनि उपयुक्त विकल्प मानिन्छ । तर, सरकारले बाह्य ऋण परिचालन गर्नै सकेको देखिन्न । आन्तरिक ऋण भने ९१ प्रतिशतभन्दा बढी खपत गरिसकेको छ । अब स्रोतको चाप परिरहँदा सरकारले ऋणमार्फत पनि धेरै रकम उठाउने अवस्था देखिन्न । अब आन्तरिकतर्फ ऋण उठाउन सकिने सीमा २८ अर्ब ८५ करोड रूपैयाँ मात्रै छ ।

प्रधानमन्त्री निवासमा बैठक....

वैठकको खर्च दलले नै व्यहोर्नुपर्ने भएकाले त्यसलाई बचाउन लागि र दलहरूको बैठकको खर्च पनि सरकारी खर्चमा नै उल्लेख गरेर सरकारी रकमको दुरूपयोग हुँदै आएको छ ।

राजनीतिक दलहरूले आफ्नो पार्टीको रकम बचाउनका लागि राजनीतिक दलहरूको मात्र होइन आफ्ना भातृ संगठनहरूको बैठक समेत प्रधानमन्त्री निवासमै राख्ने र प्रधानमन्त्रीलाई सम्बोधन गर्न लगाएर त्यहाँ भएको खर्च समेत सरकारले नै व्यहोर्न बाध्य पार्ने गरेका हुनाले जनताले तिरेको करको चरम दुरूपयोग हुँदै आएकाले अविलम्ब त्यस्तो कार्य रोकिनु आवश्यक छ ।

प्रधानमन्त्री निवास भनेको प्रधानमन्त्रीलाई बस्नका लागि मात्र हो । उक्त निवासमा विदेशी पाहुनाहरूसँग भेटघाट गर्न पनि एक किसिमको दुरूपयोग नै हो । विदेशी पाहुनालाई प्रधानमन्त्रीले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिहंदरबारमै भेट्नु उपर्युक्त हुनेछ । यदि बालुवाटारबाटै सबै काम सम्पन्न गर्ने भए सिंहदरबारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राख्नुको औचित्य नै के रह्यो र ?

प्रधानमन्त्री अवस्थ रहेको समयमा विदेशी पाहुनालाई भेटघाट गर्न परेमा मात्र प्रधानमन्त्री निवासमा भेट्न उपर्युक्त हुनेछ । आफ्नो राजनीतिक दलको बैठक र भातृ संगठनहरूका बैठकमा पार्टी अध्यक्ष समेत रहेका प्रधानमन्त्रीले सम्बोधन गर्ने गरेका र सो बैठकमा भएको खर्च समेत प्रधानमन्त्रीका निवासमै खर्चमा जोडिने गरेका हुनाले त्यो एक किसिमका भ्रष्टाचार नै हो । त्यसैले अब प्रधानमन्त्री निवासमा राजनीति दलको बैठक र भातृ संगठनहरूको बैठक प्रधानमन्त्री निवासमा नराखी आ- आफ्नै कार्यालयमा राख्नु आवश्यक छ । पार्टी र भातृ संगठनहरूको खर्च बचाउनका लागि प्रधानमन्त्री निवासमा कुनै पनि हालतमा बैठक राखिनु हुँदैन । जनताले खाई नखाई तिरेको करको दुरूपयोग गर्ने अधिकार प्रधानमन्त्री निवासलाई छैन ।

जनताका आँखाका कसिङ्गर बन्यो नेतृत्वपंक्ति



• राजन कार्की
rajan2012karki@yahoo.com

हालैको भारत पाकिस्तानको युद्धमा चीनले पाकिस्तानलाई सहयोग गरेको विमानले विश्वकै अत्याधुनिक मानिएको र त्यही लडाकु विमानको अभिमानमा उफ्रेको भारतले आक्रामणका लागि उडाएको राफेललाई धरासायी बनाइदिएपछि रातारात अमेरिकी सम्पर्कमा भारतले युद्धविराम गर्न बाध्य भयो । यतिबेला भाजपाका नेता जोली नेपालमै आएर भन्न भ्याएका छन्- भारत युद्ध चाहदैन । भारतलाई युद्धका लागि उकास्ने काम नगरौं ।

पाकिस्तानलाई सिध्याइदिने भारतको यो टोन चेन्जले भन्छ- बिस्तारवाद टिक्दैन । भारतलाई शिक्षा भयो, नेपालले शान्तिका लागि आह्वानसमेत गर्न सकेन । आतंकवादको विरूद्धमा उभिएको वक्तव्य दिएर प्रम ओलीले भनेका थिए- नेपालले भारत पाकिस्तानको युद्ध रोकिदियो । प्रम ओली हाँसोका पात्र बने, टिप्पणीकारको टिप्पणी थियो- हुटिट्याउँको खुट्टी हेर्दै चाल पाइयो । सार्कको अध्यक्षको नातासमेत निभाउन नसक्नेको फुइँकी ठूलो ।

चीनको विकासको एकमात्र सूत्र भनेको सुशासन, इमान र देशप्रतिको निष्ठा हो । यी ३ सुत्रले चीनलाई आज संसारकै चमत्कारिक प्रगतिको देशका रूपमा स्थापित गरिसकेको छ ।

२०७५ सालको एमाले माओवादीको दुई तिहाई राष्ट्रका लागि सराप बन्यो । २०८१ को एमाले कांग्रेसको दुई तिहाई पनि सरापबाट मुक्त देखिएन ।

सतीको सरापबाट अभिशप्त छ राष्ट्र । सराप मोचनका लागि जनताले बिद्रोह गर्नुपर्ने अवस्था आउनु भनेको लोकतान्त्रिक गणतन्त्र असफल भयो, नेतृत्व गैह्रजिम्मेवार भएपनि राष्ट्र हार्दो रहेछ भन्ने उदाहरण हो । कुनै पनि दल, सरकार र संसदले सुशासन, सम्बृद्धि र विधिको शासनमा कटिवद्धता देखाउन सकेनन् । राजनीति देशका लागि मृत्युघण्ट बन्नु पद्धति निकम्मा हुनु हो । नेतृत्व कति काँचो रहेछ भन्ने दृष्टान्त हो । भ्रष्टाचार गर्दैनौं त भने तर भ्रष्टाचारको जगमा उभिन पुगे । गणतन्त्रको जरा कुहियो, रूख ढल्नेवाला छ । मिसन ०८४ भन्छन्, भएको संसद सफल पार्न नसक्नेका लागि केको मिसन ०८४ ?

१७ वर्षम ाबनेको १५ प्रकारका सरकारले सुशासन र सम्बृद्धिका लागि काम गर्छु भन्ने कबुल गरेकै थिए । जनताको नजरमा घृणित बन्नपुगेका छन् । देशको मामिला, जनताको अपेक्षामा आफूलाई ढाल्नु र सेवकका रूपमा प्रस्तुत हुन सकेनन् । वर्तमान एमालेको नेतृत्वमा बनेको कांग्रेस सहितको सरकारले आफ्नो बाटो बिराइरहेको छ ।

संक्रमणकालीन मुद्दाको फर्स्यौटदेखि सुशासन र सम्बृद्धिमा देखिएका अवरोधहरूको सामना गर्न सकेन यो संसद र सरकारले । भ्रष्टाचार प्रवृत्तिको नेतृत्वले यॉली ब्यॉली गरेर समय बिताइरहेको छ । २०६३ सालको परिवर्तन र २०७२ सालको संविधान तथा संविधानको कार्यान्वयनले तात्वीक अन्तर केही ल्याउन सकेन । भ्रष्टाचार र दण्डहीन मुलुक बन्नपुग्यो नेपाल ।

देश विकास कुरिरहेको छ, जनता जीवनस्तरको सहजता खोजिरहेका छन् । देश र जनतालाई यति ठूला ठूला सपना बॉडिएको छ कि सपनाको त खातै लागिसक्यो । पहिले देखाएका सपना पूरा भएका छैनन्, अव जलमार्ग र रेलमार्गका सपना देखाइएका छन्, समृद्धका अनेक सपना देखाइएको छ । अग्रगमनमा लाग्ने र यथास्थितिवादी र प्रतिगामीलाई परास्त गर्ने डिङ हाँकिरहेका छन् । यी दलीय महाराजाहरूका चटके भाषणमा आमनागरिक अब भ्रमित नहुने ठहरमा पुगेकैले सडक बिद्रोहले तात्न थालेको छ ।

अर्को परिवर्तनलाई रोकेर रोक्न नसकिने वातावरण बन्दै गएको छ ।

राष्ट्रमा समस्या र लथालिङ्गे चाला कुनै एक क्षेत्र वा संस्थामा मात्र छैन । शिक्षा क्षेत्र पुरै राजनीतिकरण भएको छ भने स्वास्थ्यक्षेत्रमा अराजकता छ । न्यायदेखि पररराष्ट्रसम्म, व्यापारदेखि उद्यमसम्म, राज्यका सबै तह र तप्का, सञ्जालभरि सिण्डिकेटको जञ्जाल नभएको र सेटिङमा कानुन मिच्ने र राज्यदोहन गर्ने काम रोकिएको छैन । युवा निकासी गर्ने र यही नाममा मानव बेचबिखनसम्मका अपराध खुलेआम भइरहेका छन् । हिजो सिंहदरवारबाट हुने गरेको भ्रष्टाचार अव स्थानीय ७ सय ५३, ७ प्रदेश सरकार र १ केन्द्रीय सरकारसहित ७ सय ६१ सरकारमा क्यान्सरको किटाणुझैं फैलिएका छन् । भ्रष्टाचार र अपराधिकरणको महामारी चम्किएको छ राष्ट्रमा ।

नेताहरू राजनीतिक क्रान्ति सकियो भनेर बुर्लक बुर्लुक उफ्रनेहरूकै मुखबाट अव आर्थिक क्रान्ति गर्ने समय आएको उद्घोष गरिरहेकै छन् । राजनीतिक क्रान्ति सकिएको हो भने फेरि मुलुक त्यही राजनीतिक द्वन्द्वको भूमरीमै किन फन्को मारिएको छ । आर्थिक क्रान्तिको समय आएको हो भने आर्थिक क्रान्ति सुरू गर्नका लागि किन भद्रो हेरिरहनु पऱ्यो । स्वदेशी लगानी बाहिरिदै छ, विदेशी लगानी आकर्षित पार्न सकिएको छैन । किन यस विषयमा बिषद छलफल गरेर राष्ट्रिय नीति तय गर्न किन सरकार सक्रिय छैन । कारण एउटै छ, यो पद्धतिका सञ्चालकहरूमा राष्ट्रनिर्माणको भिजन नै छैन । यिनले जानेको जसरी पनि शक्ति, सम्पत्ति र सत्ता हातपार्नुमात्र हो ।

हिजो भाषण थियो, आज पनि भाषण छ । हिजो राजनीतिक बिबाद थियो, आज पनि बिबाद छ । हिजो भ्रष्टाचारमय शासनमा सुशास्न ल्याउने कुरा गरियो, आज पनि त्यही कुरा गरिदैछ । फरक के भयो ? फरक के गरियो ? नतिजा शून्य छ । यसमा मनन गर्न जरूरी छ ।

कडा प्रश्न गर्ने हो भने- हेर्दा डरलाग्दो देखिने कछुवाको दाँत नै हुँदैनन् । सानो जीव हो, लामखुट्टे त्यसका १७ ओटा दाँत हुन्छन् । दुई तिहाई बहुमत भएको यो सरकार हेर्दा डरलाग्दो छ, तर यसको गति साह्रै सुस्त देखिन्छ । सानो जीवन लामखुट्टेको १७ ओटा दाँत हुन्छ, राज्य संयन्त्र लामखुट्टे जस्तै बनेको छ र १७ तिरबाट देश र जनतालाई टोकिरहेको छ । यो सरकार लामखुट्टेको जुनीबाट माथि उठ्ने कहिले ? यो क्वेशन अफ टाइम हो ।

विवेकहीनका लागि यस्तो उदाहरण र सुझाव तीतो लाग्छ ।

१० वर्षे जनयुद्ध जनआन्दोलनमा मिसिएपछि सफल भयो, यसका साना नेपोलियन थिए- प्रचण्ड । भारतले नाकावन्दी गर्दा भारतका सामु झुक्न नमान्ने बाध्यतामा परेर राष्ट्रवादी नायक बनेका अर्का साना नेपोलियन थिए- ओली । जनआन्दोलनमा अर्का प्रजातन्त्रवादी नेपोलियन मिसिए देउवा । यी तीन नेपोलियन १७ वर्षदेखि सत्ता र राजनीतिको केन्द्रमा छन् । यिनीहरू पटक पटक प्रधानमन्त्री बनिसकेका छन् । अहिले पनि सत्ता यिनकै मुठ्ठीमा छ । यिनलाई अव के प्राप्त गर्नु छ र यिनीहरू देशभित्रका महामारीविरूद्ध निर्मम निर्णय गरेर निगरानी गर्न छाडेर डारङार डुरडुर गरिरहेका छन् ? जनतालाई शक्तिशाली बनाउने माध्यम जनता नै हुन् भन्ने नेपोलियनको मान्यता यिनमा देखिदैन । आफू शक्तिशाली हुन सके राजनीतिक बिजेता भइन्छ भन्ने गलत मान्यता बोक्दा यिनको ओह्रालो यात्रा सुरू भएजस्तो देखिदैछ । अहंकार बुद्धिमा र खिया फलाममा लाग्ने हो, काई ढुंगामा लाग्छ, ओली र प्रचण्ड दिशाहीन बन्दैछन्, राजनेता बन्न चाहदैनन् ।

मामाको हत्या गरेर अलाउद्दीन खिल्जी दिल्लीका सम्राट बनेको इतिहास छ । तिनै खिल्जी चित्तौढका राजा रत्नसेनकी महारानी पद्मिनी हासिल गर्ने महत्वाकांक्षामा लाग्दा उनले चित्तौढ त जिते, पद्मिनी हासिल गर्न सकेनन् । पद्मिनीले जौहर गरेर प्राण त्यागिन् । भष्मासुरको कथा र खिल्जीको इतिहास उस्तै छ । एमाले र माओवादीले भारत र क्रिश्चियन हतियारको आडमा राजतन्त्र र हिन्दुधर्मको हत्या गरेर सत्ता हासिल गरे । यिनले हासिल गर्न खोजेको पद्मिनीरूपी आलोपालो र निरन्तरको शासनसत्ता यही चाल र तालले हासिल गर्नसक्ने देखिदैन । यिनलाई काम गर्नेभन्दा पनि एकता गर्ने, फेरि फेरि चुनाव जित्ने वातावरण बनाउने अहंकारले छोपेको छ । यिनीहरू भष्मासुरे प्रवृत्तिमा लीन भइसकेका छन् । नेतामा हुनैपर्ने राजनीतिक धर्म भएन भने न विवेक रहन्छ, न नैतिकता । यी गुण नभएकाका लागि स्वाधीनता र सार्वभौमिकता न धोती हो, न टोपी ?

यसकारण नेतृत्व जनताको आँखामा कसिङ्गर बनेका हुन् ।

होइन भने भ्रष्टाचारले देशभित्र पिलो पाकिसकेको छ । चिरफार गरेर खिल निकाल्न जनताले कम्मरकस्न नपरोस् । त्यसो भयो भने बंगलादेश र श्रीलंकामा के भयो, हेक्का राखुन् ।

पढथ्यौ हाम्री बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौ ।

- अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

नाम भने जागरण अभियान काम भने सरकार ढाल्ने खेल !

*२०७९ **मा सम्पन्न भएको संघीय संसद र प्रदेशसभाको निर्वाचनपछि करिब १८ महिनासम्म सत्ताको नेतृत्व गरेको माओवादी केन्द्रले यतिबेला विभिन्न अभियान सञ्चालन गरिरहेको छ । यस अघि उसले तराई मधेश जागरण अभियान सञ्चालन गरेको थियो । यतिबेला माओवादी केन्द्र मध्यपहाडी लोकमार्ग केन्द्रीत अभियानमा सक्रिय भएको छ । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्रीबाट हट्नु परेको पीडा सहन नसकि अनेक अभियानका नाममा सक्रिय भएका भएपनि जसरी भएपनि उनी कांग्रेस–एमालेको सत्ता गठबन्धनको सरकारबाट कांग्रेसलाई बाहिरिन आग्रह गरिरहेका छन् । त्यही रणनीति अनुसार उनले कांग्रेसका सभापति शेरबहादुर देउवालाई विभिन्न व्यक्तिबाट सन्देश पठाइरहेका छन् भने केही दिन पहिला त उनले जागरण अभियानमा डढेल्धुरा पुगेका बेला सभापति देउवालाई त्यहीबाट फोन समेत गरेका थिए । अध्यक्ष दाहालले देउवालाई फोन गरेपश्चात् उनले माओवादीका उपमहासचिव जनार्दन शर्मालाई सभापति देउवालाई भेट्न उनको निवास बुढानिलकण्ठ मै पठाएका थिए ।*

स्मरण रहोस् नेकपा एमालेले करिब १ वर्ष अघि त्यस्तै अभियान सञ्चालन गरेको थियो । त्यसबेला कांग्रेस–माओवादी गठबन्धनको सरकार थियो भने प्रधानमन्त्री पुष्पकमल दाहाल रहेका थिए । त्यसबेला नकेपा एमालेका अध्यक्ष केपी ओली डढेल्धुरा पुगेर कांग्रेसका सभापति देउवालाई फोन सम्पर्क गरेका थिए । त्यही फोन सम्पर्क कांग्रेस–माओवादीको गठबन्धनको सरकार ढाल्ने पहिलो प्रयास थियो सो प्रयास सफल भएपछि अहिले पुष्पकमल दाहालले समेत ओलीकै सिको गर्दै सरकार ढाल्ने प्रयास गरेर देउवालाई फकाउन लागि परेका छन् । कांग्रेस–एमालेबीचमा आलोपालो सरकारको नेतृत्व गर्ने सहमति भएको र अबको १४ महिनापछि प्रधानमन्त्री ओलीले राजिनामा दिने र कांग्रेसका सभापति शेरबहादुर देउवा २०८४ को संघीय संसदको निर्वाचनको परिणाम सम्म प्रधानमन्त्री बन्ने सहमति कांग्रेस–एमालेबीचमा भएको छ । पुष्पकमल दाहाल अहिले जसरी भएपनि त्यो सहमति तोड्ने प्रयासमा लागि परेका भएपनि अहिलेकै अवस्थामा त्यो सम्भव देखिएको छैन ।

नेपाली कांग्रेसभित्रका गुट र उपगुट रहेका भएपनि सभापति देउवाको पक्षमा पार्टीभित्र र संसदीय दलभित्र बहुमत रहेकाले देउवाले नचाहेसम्म ओली नेतृत्वको सरकार ढाल्ने र दाहालको प्रयास सफल हुन सक्ने सम्भावना नै देखिँदैन । कांग्रेसको विधान अनुसार दुई पटक भन्दा बढी सभापति बन्न नपाउने भएकाले गर्दा अब देउवा सभापति बन्न सक्ने सम्भावना देखिँदैन तर देउवाको समर्थन विना अर्को व्यक्ति सभापति बन्न नसक्ने अवस्थामा कांग्रेसमा रहेकाले गर्दा कांग्रेसभित्रका गुट, उपगुट र इतर पक्ष पनि खुलेर सरकारको विरोधमा उत्रिनु सक्ने अवस्थामा रहेका छैनन् । कांग्रेसको इतर पक्षका नेता भनेर चिनिएका शेखर कोइरालालाई सहयोग गर्दै आएका महामन्त्री गगन थापा पनि अहिले कोइराला पक्षमा नरहेको उनको व्यवहारले देखाएको छ भने अर्का महामन्त्री विश्वप्रकाश शर्माको हैसियत त्यति प्रभावशाली देखिएको छैन । त्यसैले गर्दा केपी ओली नेतृत्वको कांग्रेस–एमालेको संयुक्त सरकारको कांग्रेसले केही व्यक्तिहरूले विरोध गर्दैमा ओली सरकार ढल्न सक्ने सम्भावना नै रहँदैन तर सभापति देउवाले एक्लै सरकार ढाल्न चाहेमा सरकार ढल्ने निश्चित रहेकाले पुष्पकमल दाहाल देउवालाई फकाउन लागि परेका छन् ।

अध्यक्ष दाहालले सभापति देउवालाई ओली नेतृत्वको सरकार ढालेर आफ्नै नेतृत्वमा सरकार बनाउन पटक पटक देउवालाई आग्रह गरिरहेका भएपनि देउवाले दाहाललाई विश्वास गर्न सकेका छैनन् । दाहालले देउवाले आफ्नै नेतृत्वमा सरकार बनाएको खण्डमा आफ्नो पार्टीले सरकारलाई बाहिरैबाट समर्थन गर्ने र देउवाले चाहे सरकारमा सहभागि हुन सक्ने सन्देश देउवालाई पठाएका भएपनि देउवाले भने अहिलेकै सत्ता गठबन्धनलाई अघि बढाउने पक्षमा रहेको प्रष्ट धारणा सार्वजनिक गर्दै आएका छन् । देउवा थोरै बोल्ने र तर बोलीको पक्का भएको सन्देश दिन सफल भएका व्यक्ति हुन् । पुष्पकमल दाहालले कांग्रेस–एमालेलाई पटक पटक धोका दिँदै आएकाले कांग्रेस–एमाले नेतृत्वले दाहाल बोली फेर्ने सबै नेताहरू भन्दा अगाडि रहेका र आफ्नो स्वार्थअनुसार उनी जे गर्न पनि तयार रहने प्रवृत्तिका भएकाले उनलाई कुनैपनि दलले विश्वास गर्न सकिरहेका छैनन् भने कांग्रेस–एमाले त कसरी विश्वास गर्लान् ?

पुष्पकमल दाहालले अहिले जागरण अभियान चलाएका भएपनि त्यो अभियान भनेको जागरण भनिएतापनि काम भनेर सरकार ढाल्ने प्रयासमै सिमित रहेको छ । अहिलेकै व्यवस्था अनुसार २०८४ को निर्वाचनमा पनि कुनै एउटै दलले सरकार निर्माण गर्न पुग्ने सिट जित्न सक्ने अवस्था नै देखिँदैन । प्रत्यक्षतर्फ १ सय ६५ सिट र समानुपातिकमा १ सय १० सिटको व्यवस्था रहेकाले गर्दा प्रत्यक्षतर्फ सरकार बनाउन पुग्ने गरी १०० सिट जित्नुपर्ने हुन्छ भने समानुपातिकतर्फ ११० सिटमा घटीमा ४० सिट जित्नुपर्ने हुन्छ । यो संख्या जित्न प्राय असम्भव रहेकाले गर्दा २०८४ को निर्वाचनमा पनि दलहरूले गठबन्धन नै गरी निर्वाचनमा जानुपर्ने निश्चित जस्तै रहेको हामीले ठानेका छौं ।

खोक्रिँदो लोकतन्त्र

सोमत घिमिरे

लोकतन्त्रमा नागरिकको प्रश्न गर्ने अधिकारलाई ठूलो महत्त्व दिइन्छ । लोकतन्त्रको सुन्दरताका रूपमा परिभाषित गरिन्छ । प्रश्नलाई महत्त्व दिनुको अर्थ शासनलाई जनपक्षीय, जवाफदेही, पारदर्शी, उत्तरदायी बनाउन प्रश्नले काम गर्नुपर्दछ भन्ने मान्यता हो । प्रश्नको अर्थ शासनमा बस्नेहरूले उत्तर दिनुपर्छ भन्ने हो । तर हाम्रो लोकतन्त्र नागरिकको प्रश्नमा होइन, नागरिकको आन्दोलनमा पनि वास्ता गर्दैन ।

लामो समयदेखि सहकारीपीडितहरू सडकमा छन्, मिटरब्याजपीडित, लघुवित्तपीडित, भूमिपीडितहरू सडकमा छन् । कुनै पनि आन्दोलनलाई सरकारले सुनेजस्तो गर्दैन, कहिलेकाहीं सरकार आफैं आन्दोलनमा आउँछुजस्तो गर्छ । शक्ति प्रदर्शन गर्छ । सरकारमा भएको बेला नागरिकको चासो र सरोकारका विषय सम्बोधन गर्ने हो भन्ने पनि हेक्का राख्दैन्, शक्ति प्रदर्शनको चक्करमा पर्छ । यस अर्थमा लोकतन्त्र छ भन्ने कहीं प्रत्याभूत भएको छैन । लोकतन्त्रलाई यति प्राविधिक बनाइयो, देख्दा सबैथोक छ । तर लोकतन्त्रको आत्मा र संस्कृति छैन, लोकतन्त्र केवल कागजी खेल होइन । लोकतन्त्र निरन्तर प्रविधिक हुँदै छ । सिनेमाहरूलाई सेन्सरको डन्डा लगाइएको छ, निषेधित क्षेत्रहरू बढाइएको छ । यी सबै लोकतन्त्रलाई खुम्च्याउने काम हुन् । पालनपोषण र हुर्काउने बेला सिंहदरबारभित्र बसेर लोकतन्त्र खुम्च्याइँदै छ ।

राज्यले नागरिकलाई यति निराश बनाएको छ कि, नागरिकलाई विद्यालयमा पढाइ हुन्छ, सरकारी अस्पतालमा उपचार हुन्छ, सुरक्षा निकायबाट सुरक्षा पाइन्छ भन्ने विश्वास छैन । नेपाल एयरलाइन्सको जहाज समयमा उड्छ भन्ने भर छैन । सरकारी कार्यालयबाट सेवा सुविधा पाइएला भन्ने आशा छैन । समयमै परियोजनाहरू गुणस्तरीय ढंगले सिद्धिएलान् भन्ने त झनै विश्वासै छैन । नेता, ठेक्दार र कर्मचारीको गठबन्धन सामान्य नागरिकले विश्लेषण गर्छन्, आउने बजेटले नागरिकलाई केही गर्ला भन्ने भरोसा छैन । बजेट त ठूला घराना, ठेकदार र बिचौलियाको मिलोमतोमा उनीहरूलाई नै पोस्ने गरी आउने हो भन्ने सामान्य नागरिकले बुझेको धेरै भइसक्यो । अनुसन्धान संस्थाहरूले काम लाग्ने अनुसन्धान गर्छन् विश्वास छैन । न्यायालय पार्टी कार्यालयका वर्गीय संगठनका कार्यालयजस्ता छन्, न्यायको त आसै छैन भने राज्य कहाँ छ ? राज्य र नागरिकको सम्बन्ध के छ ? धेरै लामो विश्लेषण जरूरी छैन ।राज्यले आफ्नो वैधता लगभग गुमाइसकेको छ । वैदेशिक रोजगारमा जान बाध्य भएर, नेपालमा रेमिट्यान्स पठाउनेहरूलाई राज्यप्रति कुनै भरोसा छैन । संविधानले देखाएको समाजवादको बाटो असफल राज्य बन्नेतिर उन्मुख छ । राज्य भन्नु संगठनहरूको गठजोड हो ।

राज्यको भरोसा यिनै संगठनहरू हुन्, जसले आफ्नो वैधता गुमाइसकेका छन्, विश्वास आर्जन नगर्नु भनेको वैधता गुमाउनु हो । हामीले लोकतन्त्र खोजेको कुनै चमत्कारी विषयलाई होइन, स्कुलमा पढाइ राम्रो भइदियोस् भनेर हो । स्वास्थ्य कार्यालयले स्वास्थ्य सेवा राम्रोसँग प्रदान गरून् भन्ने हो । न्यायालयले न्याय दिओस् भन्ने हो । यस अर्थमा लोकतन्त्र खोक्रो छ, निरन्तर यही बाटो जालाजस्तो देखिन्छ ।

दातृ निकायहरूलाई भ्रष्टाचारको नेपाल अग्रसूचीमा परेकाले सहयोग र अनुदानहरूको कुनै अर्थ छैन भन्ने निष्कर्ष छ । भ्रष्टाचारमा अग्रसूचीमा मात्रै होइन, शासकीय सूचकमा विश्वव्यापी रूपमा नेपाल निकै तल परेको छ । विश्वव्यापी रूपमा गरिने यी दुई अनुसन्धान निकै महत्त्वका हुन् । दुवै अनुसन्धानले निकै तल पाऱ्यो ।

प्राज्ञिक रूपमा गरिएका यी अनुसन्धानहरूले नेपालको छविलाई धेरै तल झारेको छ । जसले आगामी दिनमा पाउने, सहयोग र अनुदानहरू कटौती हुनेछन् र ऋण मात्रै पाइनेछ । ऋण पनि हाम्रा एजेन्डामा होइन, उनीहरूको एजेन्डामा जसले हामीलाई झन् गरिब बनाउन मद्दत गर्नेछ । एक पटक विश्वव्यापी रूपमा साख गुमेपछि साख फर्काउन धेरै गाह्रो छ ।

भर्खर भएको शिक्षक आन्दोलन कति ठीक र बेठीक रचनात्मक रूपमा गहिरो बहस गर्नुपर्ने विषय छ । तर एउटा कुरा भने प्रस्ट छ, शिक्षकहरूले नयाँ ऐन माग्नु के गलत थियो ? शिक्षा ऐन २०२८, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन २०२९ धेरै ऐनहरू पुरानै छन् । २०४६ को परिवर्तनले यी यस्ता धेरै ऐनहरूलाई लयमा ल्याउन सकेन, अहिले त केन्द्रीयताबाट संघीयतामा गएका छौं, तीन तहका सरकार छन्, तीन तहका सरकार नै संवैधानिक छन् तर संसद्ले यी विषयमा कहिले चासो देखाएन्, संघीयतालाई ढाँचामा ल्याउन सबै ऐनहरू नयाँ बन्नुपर्ने हो ।

कम्तीमा पहिलो पटक निर्वाचनपछि एक वर्षभित्रमा सबै ऐनहरू बन्नुपर्ने हो । त्यसले संघीयतालाई व्यवस्थित गर्थ्यो, तीन तहका सरकारहरूको अधिकार क्षेत्र र कर्तव्यलाई परिभाषित गर्थ्यो, तर संसद् सरकार ढाल्न र बनाउनबाहेक अरू केही कुरामा चाहिएन ।

लोकतान्त्रिक पद्धतिमा संसद् मुटु हो । तर मुटुले कामै गरेको छैन । शिक्षकहरू आन्दोलनमा आउनुपर्ने नै थिएन, हाम्रो संसद्ले काम गर्न नसकेर सडकमा आउनुपरेको हो । ठूला नेताहरू संसद्मा जाँदैनन्, उनीहरूका लागि सांसद पद मन्त्री र प्रधानमन्त्री बन्ने योग्यता मात्रै हो अरू केही होइन । जब ठूला नेताको प्राथमिकतामा संसद् पर्दैन ठूला नेताले संसद्को भूमिका खोज्दैनन् बाँकी सांसद्हरूले आफ्नो औचित्यता देखाउन सक्दैनन् । संसद्को कमजोर भूमिकाले लोकतन्त्रलाई खँदिलो बनाउन कतै मद्दत गरेन । ऐन कानुनका हिसाबले मात्रै होइन, रचनात्मक बहसका हिसाबले पनि हाम्रो संसद्ले विश्वसनियता जगाउन सकेन ।

नागरिकलाई कहींनेर भरोसा छैन, संसदले कतै भुँइमान्छेहरूको हितमा ऐन, कानुन बनाउँछ कि भन्ने आसै छैन्, कम्युनिस्टहरूले भन्ने गर्थे- खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो हो । तर नेपाली संसद् हेर्दा लाग्छ, कुकुरको टाउको देखाएर रित्तो झोलामा मासु छ भन्ने थलो हो । यो हिसाबले हाम्रो संसद् नागरिकसँगको सम्बन्ध पूरै कटेको छ । सरकार बिचौलियाको काखमा छ भन्ने छ्याङै छ ।

बिचौलियाले ठूला नेताहरूमार्फत संसद्लाई प्रभावहीन बनाएका छन्, राज्यका अंगहरू यसै असफल छन् राज्य कहाँ छ र के गर्दै छ ? कसका लागि गर्दै छ भन्ने प्रश्नको उत्तर खोज्नु कुनै महाभारत परेन । राज्य नागरिकका सरोकार, चासो, दुःखका बाहेक अरू सबैको काम गर्दै छ । तिनै बिचौलिया, ठूला नेता, उच्च प्रशासक र केही घराना र तस्करहरूका सेवामा हाजिर छ । कहिलेसम्म चल्ला यो ? कहाँबाट बाटो फेरिएला ? यसले ल्याउने अनिष्ट के होला ? कल्पना गर्न पनि गाह्रो छ ? तर मुलुकका प्रधानमन्त्री यो सब केही लाग्दैन ।

एमालेविरूद्धको षड्यन्त्र हो भने पुग्यो । संसद्ले ऐन बनाउँदा कसरी नीतिगत पारदर्शिता व्यवस्थित गर्ने अर्को महाभारत छ । ऐन नै नबनाउँदा नीतिगत पारदर्शिताले प्रवेशै पाएको छैन । कहिले हाम्रो संसद् परिपक्व होला ? कसरी होला ?

अहिले हाम्रो लोकतन्त्रले परिकल्पना गरेका दुईवटा कुरा हुन् । पहिलो त हामी संघीयताको सन्दर्भमा लोकतान्त्रिक अभ्यास गर्छौं, दोस्रो सहभागितामूलक लोकतन्त्रलाई व्यवस्थित गर्छौं, यी एकआपसमा जोडिएका कुरा हुन् । कुन अर्थमा जोडिएका हुन् भने संघीयताले मात्रै साँचो अर्थमा लोकतन्त्रलाई सहभागितामूलक बनाउँछ भन्ने विश्वास हो ।

सहभागितामूलक लोकतन्त्रका मुख्य आयामहरूमध्ये प्रमुख आयम राज्य व्यवस्थामा नागरिकको नियन्त्रण र सहभागिता हो । विद्यालय वा सामुदायिक वनदेखि सिंहदरबारसम्म नागरिकको नियन्त्रण र निगरानी व्यवस्थित गर्न खोजिएको हो । तर लोकतन्त्रकै आवरणमा नागरिकलाई पूरै बाहिर राखेर शासन चलेको छ । नागरिकका प्रश्न र आन्दोलनहरूलाई बहिस्करण गरिएको छ ।

यस अर्थमा लोकतन्त्रले नागरिक सामीप्यता खोजेकै छैन्, लोकतान्त्रिक भनिएको राज्य व्यवस्था र नागरिकबीच लामो दूरी छ । राज्य व्यवस्थाभित्र नागरिकहरू कहीं फेला पर्दैनन् । सहभागितामूलक लोकतन्त्रको ठूलो एउटा इच्छा के हो भने, नागरिकका एजेन्डामा तलदेखि माथिसम्म बहस होस्, नागरिकले आफ्नो दृष्टिकोण प्रस्तुत गरून्, राज्यले ती दृष्टिकोणलाई व्यापक बहसमा लैजाओस् र सम्बोधनको बाटो लिओस् । तर हाम्रो लोकतन्त्रले यो बहसलाई खुल्ला गरेन, समाजलाई थुनेर राख्न खोज्यो ।

समाजको गति छ, समाजको आफ्नो नियम छ, जसलाई थुनेर राख्न सकिँदैन भन्ने सामान्य चेत पनि बालुवाटारमा पसेपछि गुम्दो रहेछ । सहभागितामूलक लोकतन्त्रलाई व्यवस्थित गर्ने पहिलो सर्त संघीयतालाई स्दृढीकरण गर्नु हो । संघीयतालाई निरन्तर खुम्च्याइँदै छ । प्रधानमन्त्रीकै अध्यक्षतामा सुशासन आयोग बनाउनु भनेको संघीयतालाई खुम्च्याउनु हो । प्रधानमन्त्रीका

रहरलाई विश्लेषण गर्ने हो भने सहज अनुमान गर्न सकिन्छ, संघीयतालाई खुम्च्याउँदै, लोकतन्त्रलाई खोक्रो बनाउनु उनको मुख्य उद्देश्य हो । प्रधानमन्त्रीलाई मात्रै के दोष दिनु अहिलेको गठबन्धनको बाटो पनि त्यही होला ।

लोकतन्त्रलाई चलायमान बनाउने मुख्य शक्ति दलहरू हुन् । दलहरूले नै लोकतन्त्रलाई जवाफदेही र उत्तरदायी बनाउन सक्छन् । तर नेपालमा दलहरूले आफूभित्र लोकतान्त्रिक अभ्यास गर्न नसक्दा त्यसको छाया नेपाली लोकतन्त्रमा परेको छ । दलहरूले लोकतन्त्रिक चरित्र र संस्कृति विकास गर्न नसक्दाको परिणाम हो यो ।

दलहरूको अराजनीतिक चरित्रले लोकतन्त्रलाई फल्न फुल्न दिँदैन । दलहरूभित्र ठेक्कापट्टाजस्ता विषयहरू प्रमुख कार्यसूचीमा छन्, राजनीतिक एजेन्डामा दलहरू छैनन्, दलहरूलाई राजनीतिक एजेन्डामा चासो छैन्, समाजलाई दलीयकरण गर्न पाए पुगेको छ । नागरिकका चासो र सरोकार दलहरूका विषय होइनन्, नागरिकहरू पाँच वर्षमा उनीहरूलाई एक पटक भोट हाल्ने वस्तु हुन्, नागरिकलाई वस्तुकरण गरेपछि नागरिकसँग दलहरूलाई डराउनै परेन ।

दलहरूको दृष्टिकोण यही नै हो । दल चलाउने खर्च, महँगो निर्वाचन प्रणालीले निर्वाचनमा चाहिने खर्चले दलहरूलाई नागरिकको आँगनबाट काटेर बिचौलियाको खोपीमा पुऱ्याएको छ । राज्यबाट मात्रै होइन, दलहरूबाट पनि नागरिकका एजेन्डा बाहिर परेका छन् । आज नागरिकको तहबाट बिस्फोट त भएको छैन, चलेकै जस्तो देखिन्छ तर कुन दिन कसरी बिस्फोट हुने हो कुनै अनुमान गर्न सकिँदैन ।

संघीयता आएपछि नेपाली राजनीति र समाजमा ठूलो ज्ञान निर्माणको अभियान जरूरी थियो । ज्ञानका माध्यमबाट गर्दै र सिक्दै संघीयतालाई बलियो बनाउनु लोकतन्त्रलाई लोकतान्त्रीकरण गर्नुपर्ने थियो । पुरानो ज्ञानबाट नयाँ राज्यव्यवस्था चलाउन खोज्नुजस्तो अमिल्दो कुरा केही पनि होइन । पुरानो ज्ञानले भन्छ, संघीयता खर्चिलो छ चाहिँदैन । संघीयतालाई व्यवस्थित गर्न कसरी स्थानीय सरकारलाई बलियो बनाएर सामुदायिक स्तरमा अधिकार लैजाने हो, हामीले कुनै प्रकारको खोजबिन गरेनौं । कसरी प्रदेशलाई प्रादेशिक स्वायत्ततामा काम गर्ने वातावरण बनाउने हो राज्यलाई कुनै चासो भएन ।

ज्ञानले राज्य व्यवस्था अगाडि नबढाउँदा राज्य नागरिकको नजिक नपुगेको हो भन्ने हामीलाई हेक्कै छैन । हरेक राज्यव्यवस्थालाई ज्ञानले टेको दिनुपर्छ । ज्ञान उत्पादन र त्यसको व्यावहारिक प्रयोगमा नेपाली राज्यले निषेध गरेको छ । अहिलेको एउटा नागरिकको असन्तुष्टिको पाटोलाई बदल्न के गर्नुपर्छ ? तिन तहका सरकारका मूल्यमान्यता के हुनुपर्छ ? हाम्रो राष्ट्रिय प्राथमिकताका विषय के हुन् भन्ने कुरालाई ख्याल नगरीकन अगाडि बढ्दा असन्तुष्टिको आयातन बढ्ने हो । लोकतन्त्र खुम्चने र खोक्रो हुने हो । - *कान्तिपुर*

बजेटमा सुदूरपश्चिमका प्राथमिकता

गणेश विश्वकर्मा

प्रदेश सरकारको नीति, कार्यक्रम र बजेटलाई आय-व्ययको अनुमानित विवरणका रूपमा मात्र नलिई यसलाई प्रदेशको राजनीतिक, आर्थिक तथा सामाजिक दस्ताबेजका रूपमा लिनु सान्दर्भिक हुन्छ । आगामी नीति तथा कार्यक्रम र बजेटले सन् २०२६ सम्म अति कम विकसित देशबाट विकासोन्मुख देशमा स्तरोन्नति हुने, सन् २०३० सम्म दिगो विकास लक्ष्य प्राप्त गर्ने र विसं २१०० सम्म उच्च आयस्तर भएको विकसित मुलुक बनाउने १६औँ दीर्घकालीन योजनाको भिजनलाई सघाउनुपर्ने देखिन्छ ।

यस क्रममा सुदूरपश्चिम प्रदेशले पनि १० वर्षको 'कट अफ प्वाइन्ट' सपनासहित पाँचवटा कुरामा ध्यान दिनुपर्छ । पहिलो- राजनीतिक इच्छाशक्ति बोकेको, दोस्रो- प्रदेशका नौवटै जिल्ला र ८८ वटै पालिकालाई मध्यनजर गर्दै 'पावर सेयरिङ'मा ख्याल गर्नुपर्छ, तेस्रो- योजना निर्माणमा पुनर्वितरण अर्थात् पुनः डिजाइनमा जानैपर्छ । चौथो- प्रदेशको सामाजिक न्यायमा ध्यान दिनैपर्छ र पाँचौं- समावेशीकरणलाई अनिवार्य बनाइनुपर्छ ।

सुदूरपश्चिम लामो समयदेखि केन्द्रको पक्षपातपूर्ण व्यवहारको सिकार हुँदै आएको छ । संघीय सरकारले चिनियाँ रेलले काठमाडौं पोखरादेखि लुम्बिनी घेर्ने सम्झौता गरिरहँदा दार्चुला र बझाङको सिमानामा पर्ने उत्तरी नाका खोल्ने कुरोसम्म उठाउन आवश्यक नठान्नु यसको बलियो प्रमाण हो । यो प्रदेशले स्रोत-साधनको असमान र असन्तुलित वितरण तथा केन्द्रीकृत शासन प्रणालीका कारण अझै पनि गरिबी, अशिक्षा, रूढिवादी, छाउपडी प्रथा, हलिया प्रथा, कमैया-कमलरी प्रथा र जातीय छुवाछुतको मार खेपिरहेको छ । त्यसैले, सुदूरपश्चिम प्रदेश सरकारले गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशिता र समानुपातिकताको झ्यालबाट भविष्यमा सबै प्रकारका भेदभावमुक्त सुन्दर, शान्त र आत्मनिर्भर सामाजिक न्यायसहितको समृद्ध सुदूरपश्चिम प्रदेश बन्ने संकल्प गर्नुपर्छ । प्रदेशको बजेट निर्माणमा संघीय सरकारबाट प्राप्त हुने अनुदानमा निर्भर भएको वर्तमान अवस्थामा प्रदेशको उत्पादन वृद्धि गरी स्थानीय अर्थतन्त्र निर्माणमा जोड दिँदै सुदूरपश्चिम प्रदेशलाई आर्थिक सामाजिक रूपान्तरणको हब, ज्ञानको हब, योगको हब, चलचित्रको हब, शिक्षाको हब, कला दर्शन र अनुसन्धानको हब बनाउने गरी अघि बढ्नुपर्छ ।

सुदूरपश्चिमको सामाजिक न्यायसहित समृद्धिको पहिलो आधार कृषि हो । कृषि क्षेत्रको विकास गर्न यही बजेटमा गौरवका योजनाका रूपमा कृषिलाई उद्योगमा रूपान्तरण गर्ने योजनासाथ कैलाली तथा कञ्चनपुरलाई धान, गहुँ र तोरीको जोन, दार्चुलालाई भेडापालन तथा ऊन उत्पादनको जोन, बैतडीलाई फलफूलको जोन, बझाङलाई ओखर तथा जडीबुटीको जोन, बाजुरालाई स्याउको जोन, अछामलाई सिट्रस (सुन्तला, अमिलो, कागती) जोन, डडेल्धुरालाई तरकारीको जोन, डोटीलाई वासमती धानको जोन घोषणा गर्नुपर्छ । यसका लागि महाकाली सिँचाइ, रानीजमरा सिँचाइ र कर्णाली सिँचाइ परियोजनाको पूर्णतामा ध्यान दिनुपर्छ ।

प्रदेशमा जग्गा ओगटेर विनाश्रम, सीप र समय नाफा खाने प्रवृत्तिलाई निरूत्साहित गर्न कम्तीमा १० वर्षसम्म जमिनको मूल्य यथावत् राख्ने गरी नीतिगत व्यवस्था कडाइसाथ लागू गर्नुपर्छ । यसका साथै बजेटले लामो समयदेखि केन्द्रीकृत राज्यसत्ताबाट पीडित सुदूरपश्चिमका जनताका लागि नयाँ संरचना, नयाँ अपेक्षा र आकांक्षाको सम्बोधन हुने गरी एक टोल : एक सामूहिक कृषि उत्पादन, एक वडा : एक विशेष उत्पादन र एक पालिका : एक उत्पादन क्षेत्र घोषणा गर्नुपर्छ । प्रदेशमा विद्यमान भूमि तथा आवासको समस्या हल गर्ने गरी दलित भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोवासी र मुक्त कमैया-कमलरी र मुक्त हलियाको समस्या तत्काल हल गर्नुपर्छ ।

दोस्रो प्राथमिकता दिनुपर्ने क्षेत्र पर्यटन उद्योग हो । सुदूरपश्चिम प्रदेशमा खप्तड, शुक्लाफाँटा, कर्णाली, महाकाली, घोडाघोडी, सुर्माताल, देवल-चैनपुर, प्राकृतिक झरनाहरू, अपी, सैपाललगायत प्राकृतिक सौन्दर्यले पर्यटकलाई लोभ्याउने थुप्रै ठाउँलाई पर्यटकीय स्थल बनाई आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न सकिन्छ । यसका साथै आफ्नै मौलिक पहिचान, भाषा, संस्कार, रहनसहन, रीतिरिवाजमा यहाँ गाइने मौलिक देउडा गीत तथा नृत्य, छलिया, हुड्क्यौली नाच, थारू सभ्यता, खस सभ्यता आदिलाई पर्यटन उद्योगका रूपमा विकास गर्न सकिन्छ ।

तेस्रो प्राथमिकतामा पर्नु पर्ने क्षेत्र उद्योग रहेको छ । सुदूरपश्चिमको औद्योगिकीकरण गर्दा यस प्रदेशको सुन्दरता, विशिष्टता र मौलिकतालाई दृष्टिगत गर्दै यो प्रदेशको प्रकृतिमा न्यूनतम असर पर्ने गरी स्थानीय उद्योगहरूको विकास गर्नुपर्छ । प्रदेशले कानुनी जटिलताका कारण उद्योगलाई कर छुट दिन, जग्गा दिन, वन क्षेत्र प्रयोगको अनुमति दिन नसक्ने अवस्था रहेको छ । चामल, तोरी, मैदा र दाल मिल तथा चिनी, मिठाई, चकलेट, बिस्कुट, केक, पाउरोटी, मदिरा, स्पिरिट उत्पादन, पशु आहार, सुर्ती, चुरोट, तमाखु, बिँडी, रेशम, स्वेटर, जुट, कपास, धागो, अल्लो, भाँग्रो, भिमल, केरा, जुत्ताचप्पल, फलाम, तामा र आल्मुनियमका भाँडाकुँडा, कृषि औजार, बाँस र काठका फर्निचरका सामान, गुन्द्री चटाईको उद्योग स्थापना गर्न स्टार्ट अफ उद्योगको सुरूवात गरेर हलुका खालका म्यानुफ्याक्चरिङ उद्योगको केन्द्रका रूपमा विकास गर्न सकिन्छ । यसका लागि यातायातको विशिष्ट ढाँचालाई अंगीकार गर्दै ट्रली बसमा आधारित मैदानको सार्वजनिक यातायात र केबलकारमा आधारित पहाड र हिमालको सार्वजनिक यातायातको व्यवस्थापन गर्न सकिन्छ । जसले सुदूरपश्चिमलाई एसियाकै विशिष्ट आकर्षक गन्तव्यका रूपमा विश्वभर चिनाउन सकिन्छ ।

चौथो प्राथमिकता दिनुपर्ने ऊर्जा क्षेत्रलाई हो । पश्चिम सेती, बझाङको कालंगा जलविद्युत् आयोजना, विद्युत् प्रसारण लाइनका लागि बाजुरा, डोटी र कैलालीमा सबस्टेसन निर्माणलाई तत्काल पूरा गर्ने योजना बनाइनुपर्छ । तराई र पहाड जोड्ने कुन आयोजनालाई पहिले सञ्चालन गरेर उत्तर-दक्षिणको नाकासँग जोड्ने भन्ने समयमै प्राथमिकीकरण गर्नुपर्नेछ । सेती लोकमार्ग र यसको डोटी खण्ड सुदूरपश्चिमका लागि 'गेम चेन्जर' आयोजना बन्न सक्छ । लोकमार्गको ४५ किलोमिटर ट्र्याक नखोलिदिएका कारण जलविद्युत् आयोजना पनि ढिलो हुने अवस्था छ । अछाममा पर्ने बेतन कर्णाली जलविद्युत् आयोजना निर्माण भए सुदूरपश्चिम विद्युत्मा स्वावलम्बी बनेर उद्योगधन्दालाई चाहिने विद्युत् उपलब्ध हुन सक्छ । अछामको साँफेमा निर्माणाधीन बुढीगंगा जलविद्युत् आयोजनालाई केन्द्रमा राखेर पहलमानपुर-बुढीगंगा १३२ केभी प्रसारण लाइन निर्माणका लागि स्रोत सुनिश्चितता गर्न सक्नुपर्छ ।

पाँचौं प्राथमिकतामा सूचना तथा प्रविधि क्षेत्र पर्नुपर्छ । प्रदेशलाई डिजिटल प्रदेश बनाउने लक्ष्यसाथ अघि बढ्न सके यसले दुई ठुला छिमेकी मुलुक भारत र चीनको डिजिटल क्रान्तिबाट धेरै कुरा फाइदा लिन सक्छ । आज हामीले निर्यात गर्न सक्ने भनेको सूचना तथा प्रविधिको सेवा नै हो । सूचना प्रविधिमार्फत गरिने काम छिटो, सजिलो, विश्वासिलो र कम खर्चिलो हुने हुनाले अबको उद्यमशीलताको स्वरूप एप्लिकेसन, सिस्टम सफ्टवेयरका अतिरिक्त प्रोग्रामिङ सफ्टवेयर, मिडिल वेयर सफ्टवेयरको उत्पादन र बिक्री वितरणका रूपमा विकसित गर्न सक्नुपर्छ ।

> सुदूरपश्चिम लामो समयदेखि केन्द्रको पक्षपातपूर्ण व्यवहारको सिकार हुँदै आएको छ । संघीय सरकारले चिनियाँ रेलले काठमाडौं पोखरादेखि लुम्बिनी घेर्ने सम्झौता गरिरहँदा दार्चुला र बझाङको सिमानामा पर्ने उत्तरी नाका खोल्ने कुरोसम्म उठाउन आवश्यक नठान्नु यसको बलियो प्रमाण हो ।

सुदूरपश्चिमलाई उपर्युक्त पाँच प्राथमिकताबाट आत्मनिर्भर, सुशासन र रोजागारीको हब बनाउन सक्नुपर्छ । यसका लागि सरकारी प्रशासन, न्यायिक क्षेत्र र राजनीतिमा देखिने भ्रष्टाचार र ढिलासुस्तीलाई कठोरतापूर्वक अन्त्य गर्न सक्नुपर्छ । स्थानीय तहलाई राजनीतिक एकाइ मात्र नसम्झेर पालिकालाई निजी क्षेत्रसँग सहकार्य गरी पालिकाभित्र निजी र पालिकाको स्वामित्वमा रोजगारमूलक साना र मझौला उद्योग स्थापना गर्नुपर्छ । यसरी स्थापित उद्योगको आफ्नो स्वामित्व पालिकाले निश्चित समयभित्र त्यहींकै बासिन्दालाई हस्तान्तरण गर्ने व्यवस्था गर्नुपर्छ ।

साथै, पर्यटन, गुणस्तरीय भौतिक पूर्वाधार, वैदेशिक रोजगारी, उद्यमशीलता, वित्तीय क्षेत्र सुदृढीकरण र प्राथमिक लगानीमा आधारित क्षेत्रगत मास्टर प्लान बनाउनुपर्छ । प्रदेश राजधानी स्थापना, सडक यातायात प्रणालीमा सुधार, नौवटै जिल्लाका सदरमुकाममा आधुनिक सहर बसाउने योजना तथा गाउँपालिकामा एकीकृत ग्रामीण योजना बनाउनुपर्छ । साथै कृषि विश्वविद्यालय, गेटा विश्वविद्यालय, रोजगारीका लागि वित्त, बाटो, विद्या र बिजुली (४ ब) मा जोड दिनुपर्छ । नीति, योजना, विकास र कार्यक्रमका आधार भरपर्दो सूचना भएकाले एकीकृत र खण्डीकृत तथ्यांकीय आधार निर्माण गर्नुपर्छ । प्रदेश नीति तथा योजना आयोग, लोकसेवा आयोग, आर्थिक मामिला मन्त्रालय तथा मन्त्रालयमा रहेका योजना महाशाखालाई 'नलेज हब'का रूपमा विकास गर्नुपर्छ । प्रदेश सरकारले २५ लाखभन्दा कमका योजना स्थानीय तहबाट सम्पन्न गर्ने योजना बनाइनुपर्छ ।

प्रदेशसभा सदस्यलाई आफ्नो क्षेत्रमा कम्तीमा पनि दुईवटासम्म योजना प्रत्येक मन्त्रालयमा राख्न पाउने अधिकारको नीतिगत व्यवस्था गर्नुपर्छ । यसका साथै प्रदेशका राजनीतिक दललाई कम्तीमा पाँच करोडसम्मका नमुना योजना सिफारिसको अधिकार दिनुपर्छ । नीति तथा कार्यक्रम र बजेट बनाउँदा धेरै नै महत्वाकांक्षी हुने तर कार्यान्वयन कमजोर हुने विगतको जथाभावीपनको अन्त्य गर्नुपर्छ । अर्थशास्त्री किन्सले कालान्तरमा सबैको मृत्यु हुन्छ भनेझैं प्रदेशको राजनीतिक नेतृत्वले प्रदेशको रूपान्तरणमाथि विश्वास दिलाउन सकेन भने समयले कसैलाई पनि पर्खनेछैन । *-नयाँ पत्रिका*

prabhu BANK
BANK OF THE YEAR 2023
THE BANKER BANK OF THE YEAR 2023 NEPAL

Prabhu Bank Limited
Babarmahal, Kathmandu, Nepal
P.O Box: 19441
Tel No. : +977-1-5719000
Fax No.: +977-1-4780588
Email : info@prabhubank.com
SWIFT : PRVUNPKA

नेटवर्थ नपुगेका १४ कम्पनी आइपिओ निष्कासन प्रक्रियाबाट हटाइयो

काठमाडौं । बिचौलियामार्फत प्राथमिक सेयर (आइपिओ) निष्कासन गर्न कमिसन मागेको आरोप लागेपछि नेपाल धितोपत्र बोर्डका अध्यक्ष सन्तोषनारायण श्रेष्ठ आक्रामक भएका छन् । सोमबार बोर्डले आइपिओ निष्कासनको प्रक्रियामा रहेका जलविद्युत् कम्पनीसहित १४ कम्पनीको आवेदन अस्वीकृत गरेको छ । प्रतिकित्ता ९० रूपैयाँभन्दा कम नेटवर्थ भएका कम्पनीले आइपिओ ल्याउन नमिल्ने भएकाले प्रक्रियाबाट हटाइएको बोर्डले जानकारी दिएको छ ।

आइपिओ निष्कासनका लागि आवेदन दिएकामध्ये ६ जलविद्युत् कम्पनी, दुई औषधि उद्योग, पर्यटन क्षेत्रका चार, एक सञ्चार प्रतिष्ठान र एक हेलिकोप्टर कम्पनी प्रक्रियाबाट हटाइएका हुन् । एपेक्स हस्पिटालिटी, अर्चिड होल्डिङ्स लिमिटेड, अन्नपूर्ण केबुलकार, ठमेल प्लाजा होटेल एन्ड सुइट्स लिमिटेड, एक्कर्ड फर्मास्युटिकल्स लिमिटेड, सोपान फर्मास्युटिकल्स लिमिटेड, प्रभु हेलिकोप्टर लिमिटेड, युनिक हाइड्रोपावर कम्पनी लिमिटेड, पुवा खोला-वान हाइड्रोपावर लिमिटेड, रिचेट जलविद्युत् कम्पनी लिमिटेड, सानिमा हाइड्रोपावर लिमिटेड, लाफिङ बुद्ध पावर नेपाल लिमिटेड र बेनी हाइड्रोपावर प्रोजेक्ट लिमिटेड आइपिओको पाइपलाइनबाट हटेका हुन् ।

बोर्डका प्रवक्ता नीरञ्जय घिमिरेले प्रतिकित्ता ९० रूपैयाँभन्दा कम रहेको र विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) को अवधि पाँच वर्षभन्दा कम रहेका कम्पनीलाई आइपिओ निष्कासनको प्रक्रियाबाट हटाइएको जानकारी दिए । उनले भने, 'आइपिओ निष्कासन गर्नका

लागि कम्पनीलाई विभिन्न सर्त दिइएको हुन्छ । तीमध्ये नेटवर्थ महत्वपूर्ण सर्त हो ।

९० रूपैयाँ पनि नपुग्ने कम्पनीहरू आइपिओ निष्कासनका लागि योग्य हुँदैनन् । नेटवर्थ प्रतिकित्ता ९० रूपैयाँभन्दा माथि रहेको प्रमाण पेस गरेर पुनः आवेदन दिन पत्राचार गरेका छौं । त्यस्तै, पिपिए सम्झौताको अवधि पाँच वर्षभन्दा कम रहेको अवस्थामा के गर्ने भन्ने यकिन छैन । त्यसैले आइपिओको पाइपलाइनबाट त्यस्ता कम्पनी पनि हटेका छन् ।'

बोर्डको यो निर्णयबाट चार अर्ब २१ करोड ३२ लाख रूपैयाँबराबरका आइपिओ अस्वीकृत भएका छन् । कमिसनको आरोप लागेपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बोर्डबाट कागजात लगेको थियो ।

धितोपत्र बोर्डले ९० रूपैयाँको नेटवर्थको सीमा तोक्नु धितोपत्र निष्कासन ऐनविपरीत भएको जलविद्युत् प्रवर्द्धकले बताएका छन् । स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इप्पान)का उपाध्यक्ष उत्तम भ्लोन लामाले धितोपत्र निष्कासन ऐनमा ९० रूपैयाँभन्दा बढीको नेटवर्थ पुऱ्याउनुपर्ने उल्लेख नभएकाले यस्तो सर्त राख्नु उचित नभएको बताए ।

उनले भने, 'धितोपत्र निष्कासन ऐनमा नेटवर्थ ९० रूपैयाँ हुनुपर्ने भनिएको छैन । यो सार्वजनिक लेखा समितिको निर्देशनका आधारमा हो । यो डिजास्टरको (प्रकोप) सुरूवात हो । सरकारको २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य पूरा हुने देखिँदैन ।'

उनका अनुसार आइपिओ निष्कासन स्वीकृतिको प्रक्रियामा नै दुई वर्षसम्म ढिलाइ भएपछि नेटवर्थ घट्ने सम्भावना रहन्छ । उनले भने, 'कहिले कोभिड, त कहिले बाढीपहिरोले गर्दा पनि नेटवर्थ घटेको हो । मर्चेन्ट बैंकजस्ता संस्थासँग सेयर नबिकेको अवस्थामा सेयर किन्ने ग्यारेन्टीसहितको सम्झौता (अन्डरराइटिङ) भएको हुन्छ । सबै विषय खुलाएर आइपिओ जारी गर्न पाउने अन्तर्राष्ट्रिय अभ्यासविपरीत बोर्डको यो निर्णय गलत छ ।'

साढे दुई अर्ब लगानीमा खुल्यो लग्जरी हेरिटेज होटेल

काठमाडौं । नेपाली कला, संस्कृति र आतिथ्य झल्किने गरी ठमेलमा हेरिटेज होटेल 'आर्या होटेल एन्ड स्पा' सञ्चालनमा आएको छ । जापानमा करिब साढे दुई दशक बिताएका धादिङका गैरआवासीय नेपाली कृष्ण सिम्खडाको एकल स्वामित्वमा होटेल सञ्चालनमा ल्याइएको हो ।

बुधबार यहाँ आयोजित पत्रकार सम्मेलनमा सञ्चालक सिम्खडाले नेपाली पर्यटनमा भविष्य देखेर आफ्नै देशमा लगानी गरेको बताए ।

'म जापानमा बस्दा महत्त्वपूर्ण कुरा सिक्ने मौका पाएँ, उनीहरूले आफ्नो कला र संस्कृतिलाई लामो समयदेखि जोगाइराखेका छन् । मलाई पनि आफ्नै देशमा आएर केही गर्नुपर्छ भन्ने सोचले होटेल निर्माण सुरू गरैं,' उनले भने ।

सिम्खडाको बुझाइअनुसार ठमेल विदेशमा नेपाल चिनाउने माध्यम हो । नेपाल आउने सबैजसो पर्यटक ठमेल नपुगी फर्कदैनन् । नेपालबाट स्वदेश फर्कदै गर्दा उनीहरूले नेपाली कला र संस्कृतिको अनुपम अनुभव लिएर फर्किन पाऊन् भन्ने उद्देश्यले आफ्नै सोचमा होटेल निर्माण गरेको उनको भनाइ छ । होटेल फरक र मौलिक बनाउने प्रयास गरिएको छ ।

मूल ढोकाबाट भित्र पस्दै गर्दा नेपाली शिल्पकलाले स्वागत गर्छ । परम्परागत पोसाकमा सजिएका कर्मचारीले आतिथ्य प्रदर्शन गर्छन् । पहिलो तलादेखि नै नेवारी शिल्पकलाको बेजोड प्रस्तुति यहाँ देख्न सकिन्छ ।

होटेलका थाम, कुर्सी, कुसनमा नेपालीपन झल्काउने प्रयास गरिएको छ । ठमेल नरसिंह चोकमा छ यो होटेल ।

होटेलको लबीमा मयूरझ्याल र देशेमरू झ्यालको मिश्रणसहितको उत्कृष्ट काष्ठकला देख्न सकिन्छ । होटेलका रूपमा देखिने

टुँडाल, फाल्चा, आँखीझ्याललगायत नेपाली कलाकृतिले जोकोहीलाई मोहित बनाउँछ । पाहुनालाई स्वागत गर्नका लागि पनि नेपाली परम्परालाई अँगालिएको सिम्खडाले बताए । उनका अनुसार करिब २० आना जग्गामा निर्माण भएको होटेलमा जग्गासहित रू. दुई अर्ब ५० करोड लगानी भइसकेको छ ।

'विदेशका चिल्ला होटेल हेर्न त सबै आउँछन्, तर नेपाली कला र संस्कृति झल्कने होटेल निर्माण गर्न सकियो भने यसले हाम्रो संस्कृति संरक्षण र प्रवर्द्धनमा सहयोग पुग्छ भन्ने विश्वास छ,' सिम्खडाले भने । होटेलमा ४१ वटा डिलक्स रूम छन्, जसलाई आधुनिक र परम्परागत गरी दुई शैलीमा डिजाइन गरिएको छ । परम्परागत शैलीमा डिजाइन गरिएका रूममा नेपाली कला बढी देख्न सकिन्छ ।

होटेलका हेरिटेज रूमहरूमा भक्तपुरमा निर्माण गरिएको तेलिया इँटा बिछ्याइएको छ । परम्परागत शैलीको कोठामा ऐनाको फ्रेमदेखि दराजको ढोकामा काष्ठकला देख्न पाइन्छ । होटेलका रूमहरू स्वयम्भू, धरहरा र सिटी भ्यु हुने गरी तयार गरिएको छ । दुई सभाहल रहेको होटेलको १२औं तलामा 'सोरा' नामक अल डे डाइनिङ रेस्टुरेन्ट छ । त्यसैको छेउमा 'स्काई लाइन सोरा' पनि छ । सोरा स्काई लाइनको सिसामा स्काई वाकको मजा लिँदै डिनर गर्न सकिन्छ । यहाँ एक सय साठी डलरदेखि एक हजार ६०० डलरसम्मका विभिन्न वर्गका रूमहरू रहेको सञ्चालक सिम्खडाले बताए ।

खेलकुद

थ्री स्टार र एपिएफको मुद्दा नटिंगदा 'ए' डिभिजन लिगमा १४ क्लब भए

दुई वर्षअघिको सहिद स्मारक 'ए' डिभिजन लिगको रेलिगेसनको मुद्दा अहिलेसम्म टुंगो लागेको छैन । तर, अखिल नेपाल फुटबल संघ (एन्फा)को आयोजनामा भइरहेको 'बी' डिभिजन लिगबाट प्लानिङ ब्वाइज र श्री भगवती क्लब पहिलोपटक शीर्ष डिभिजनमा बढुवा भएका छन् । योसँगै शीर्ष डिभिजन खेल्ने क्लब १५ पुगेका छन् । २७ जेठ ०८० मा सम्पन्न 'ए' डिभिजन लिगमा खुमलटार युवा र एपिएफ क्लब 'बी' डिभिजनमा घटुवा भएका थिए ।

नवौं स्थानमा रहेर लिग टुंगाएको थ्री स्टारले अयोग्य खेलाडी खेलाएको दाबी गर्दै एपिएफले एन्फामा उजुरी दिएको थियो । एपिएफको उजुरीपछि एन्फाले पहिलो चरणमा दुई अयोग्य विदेशी खेलाडीलाई समान ५० हजार तथा थ्री स्टारलाई तीन लाख जरिवाना गऱ्यो । एन्फा महासचिव किरण राईले मार्टिन अजयी र सेगुन पिटरसहित थ्री स्टारलाई कारबाही गरेका थिए । राईले खेलाडी र थ्री स्टारलाई कारबाही गरेको १९ पुस ०८० मा एपिएफलाई पत्र पठाएका थिए । भिसा समाप्त भएको र श्रम स्वीकृतविनै मार्टिन र पिटरलाई जावलाखेलविरूद्ध खेलाएको भन्दै एपिएफले उजुरी हालेको थियो । फिफा अनुशासन समितिको नियमअनुसार ३ अंक नघटाएपछि एपिएफले अपिल कमिटीमा उजुरी हाल्यो । धारा २८ मा अयोग्य क्लबको खेल जफत हुने र विपक्षीलाई ३-० ले विजयी गराइने उल्लेख छ ।

यता, थ्री स्टारले निर्णयमा चित्त नबुझेको भन्दै एन्फाकै अपिल कमिटीमा उजुरी दियो । एपिएफ र थ्री स्टारको उजुरीका विषयमा दुई वर्षसम्म निर्णय नहुँदा ०८० को 'ए' डिभिजन लिगको रेलिगेसनमा पर्ने क्लबको टुंगो लागेको छैन । यसअघि एन्फाले डिभिजन लिगको साइकल पूरा नहुँदासम्म निर्णय नहुने जनाएको थियो । एन्फाको दुई साताअघि धुलिखेलमा गरेको साधारणसभाबाटै आगामी पुसमा 'ए' डिभिजन लिग हुने तालिका सार्वजनिक गरेको छ ।

फिफाको अनुशासन कमिटीको नियमअनुसार कारबाही भएको टोलीको नतिजा उल्ट्याइने र ३ अंक खोसिन्छ । साथै, विपक्षी टोलीलाई ३ अंक प्रदान गरी ३-० को नतिजा प्रदान हुने उल्लेख छ । तर, एन्फाले दुई वर्षअघि सम्पन्न 'ए' डिभिजन लिगको निर्णय चित्त नबुझेका एपिएफ र थ्री स्टारको हकमा फिफाको नियम लागू गर्ने हिम्मत देखाएको छैन । यद्यपि, चालू 'बी' डिभिजन लिगमा भने एन्फाको अनुशासन कमिटीले नयाँ बस्तीलाई ३ अंक प्रदान गरेको थियो । यसैगरी, एन्फाले 'सी' डिभिजन लिगमा पनि आरसी ३२ विरूद्ध दुईपटक गरी ६ अंक खोस्यो ।

एन्फाले थ्री स्टार र एपिएफको उजुरीलाई फिफाको नियमअनुसार शतप्रतिशत लागू गर्दा एक टोली 'बी' डिभिजनमा घटुवा हुनेछ । थ्री स्टारको अपिल खेर गए रेलिगेसनमा पर्नेछ । नवौं स्थानमा रहेको थ्री स्टारको ३ अंक खोसिँदा १३औं स्थानमा रही दोस्रो डिभिजनमा पुग्नेछ भने एपिएफ १२औं स्थानमा उक्लँदै रेलिगेसनबाट बच्नेछ ।

एपिएफ फुटबल क्लबका कोषाध्यक्ष विजय केसीले फिफाको नियमअनुसारको निर्णयको प्रतीक्षामा रहेको बताए । 'एन्फाले यही मुद्दामा थ्री स्टारलाई दोषी ठहर गरी जरिवाना तिरायो, तर अंक खोसिएन, हामीले अपिल कटिमीमा उजुरी दिएका छौं,' केसीले भने, 'किन एन्फाले निर्णय गर्न नसकेको हो, धुलिखेल साधारणसभामा फिफाको प्रतिनिधिलाई सबै जानकारी गरायौं, उहाँहरू सकारात्मक हुनुहुन्छ ।'

एन्फा प्रवक्ता सुरेश शाहले अपिल कमिटीलाई एन्फा नेतृत्वले दबाब नदिएको बताए । उनले एपिएफ र थ्री स्टारबीचको मुद्दा छिटै किनारा लाग्ने बताए ।

पोखरामा सुरु भयो प्रधानमन्त्री कप भलिबल

साबिक विजेता हेल्प नेपाल स्पोर्टस् क्लब र गण्डकी प्रदेश भलिबल संघले बिहीबारदेखि सुरू हुने नवौं प्रधानमन्त्री कप एनभिए क्लब भलिबल लिगका लागि पाकिस्तानी खेलाडीलाई समावेश गरेका छन् । हेल्प नेपाल र गण्डकीले समान तीनजना पाकिस्तानी खेलाडी अनुबन्ध गरे । हेल्प नेपालमा मुवासर राजा बाट्टो, माजर अली र सेटर वालिद खान छन् । गण्डकीबाट आउटसाइड हिटर वाकर खान, अप्पोजिट हिटर ऐमल खान र सेटर अदनान खानले खेल्नेछन् । बिहीबारबाट पोखरामा सुरू भएको प्रतियोगिता १५ जेठसम्म हुनेछ ।

एनभिए पहिलोपटक काठमाडौंबाहिर भएको हो । लिगमा पुरूषतर्फ आठ र महिलातर्फ ६ टोलीले प्रतिस्पर्धा गर्ने संघका अध्यक्ष जितेन्द्रबहादुर चन्दले जानकारी दिए । पुरूषतर्फ हेल्प नेपाल, नेपाल एपिएफ, त्रिभुवन आर्मी, नेपाल पुलिस, कोशी, गण्डकी प्रदेश भलिबल संघ, सुदूरपश्चिम र बुटवलको मणिमुकुन्द भलिबल क्लबले प्रतिस्पर्धा गर्नेछन् । महिलामा नेपाल पुलिस, एपिएफ, न्यु डायमन्ड युथ स्पोर्टस्, आर्मी, बुटवलको एभरेस्ट भलिबल क्लब र कर्णाली प्रदेश भलिबलले प्रतिस्पर्धा गर्ने भएका छन् ।

प्रतियोगिताको पुरूष र महिलातर्फको विजेताले समान आठ लाख पाउनेछन् । यसैगरी, उपविजेताले चार लाख र तेस्रो स्थानमा रहने टोलीले दुई लाख पाउने संघले जानकारी दिएको छ । यस वर्ष संघ मोफसलका प्रतियोगितामा व्यस्त रहेको र १०औं राष्ट्रिय खेलकुदको पटक-पटक तयारी गर्नुपर्दा नवौं च्याम्पियनसिपको छनोट प्रतियोगिता गर्न नसकेको संघले जनाएको छ । गत वर्षको लिगमा सहभागी भएका टोलीबिच यसपटक लिगमा प्रतिस्पर्धा गराइएको संघले जनाएको छ ।

सर्वोत्कृष्ट खेलाडीले ५० हजार रूपैयाँ पाउनेछन् । विधागततर्फ उत्कृष्ट हुने लिब्रो, सर्भर, ब्लकर, लिफ्टर, स्पाइकर र टिम प्रशिक्षकले जनही २५ हजार रूपैयाँ हात पार्नेछन् । विजेता टोली आउँदो जुलाईमा माल्दिभ्समा आयोजना हुने काभा च्याम्पियनसिप लिगमा सहभागी हुनेछ । ९० लाख बजेटमध्ये ३२ लाख पुरस्कारका लागि खर्च हुनेछ । पोखराले पहिलोपटक प्रधानमन्त्री कप भलिबल लिग आयोजना गर्न पाउँदा यहाँको रौनक फरक बनेको छ ।

कर्पोरेट

● एभरेस्ट बैंकको १३२औँ शाखा सिन्धुलीमा

एभरेस्ट बैंकले आफ्नो शाखा विस्तारको क्रममा जेठ ५ गते बागमती प्रदेशको सिन्धुलीको कमलामाई नगरपालिका- ६ मा आफ्नो १३२औँ शाखा विस्तार गरेको छ । यो शाखासँगै बागमती प्रदेशमा बैंकको शाखा संख्या ४७ पुगेको छ । यस शाखाको विस्तारसँगै सिन्धुलीवासीले अत्याधुनिक, सरल र सहज बैंकिङ सुविधा लिन सक्ने विश्वास लिएको बैंकले जनाएको छ ।

कमलामाई नगरपालिकाका मेयर उपेन्द्रकुमार पोखरेल र बैंकका सञ्चालक समितिका अध्यक्ष डा. बालगोपाल वैद्यबाट संयुक्त रूपमा उद्घाटन गरिएको सो समारोहमा कमलामाई वडा नं. ६ का वडाध्यक्ष उज्वलकुमार थापा, सिन्धुली उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष देवनारायण श्रेष्ठ, प्रहरी नायब उपरीक्षक सूर्यप्रकाश सुवेदी, बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङलगायतको उपस्थिति थियो ।

● क्लब १० एक्समा सिटिजन्स बैंकका ग्राहकलाई २० प्रतिशत छुट

ठमेलस्थित क्लब १० एक्समा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडका ग्राहकहरूलाई विशेष छुट दिने गरी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारीपश्चात् सिटिजन्स बैंकका कार्डवाहक, प्रिभिलेज कार्डवाहक र मोबाइल बैंकिङ ग्राहकहरूले क्लब १० एक्समा २० प्रतिशत आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास लिएको बैंकले जनाएको छ ।

बैंकले डिजिटल बैंकिङ माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय-समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुटसम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ ।

● मुक्तिनाथ विकास बैंकले सुरु गऱ्यो अन्तरबैंक टेलर क्युआर सेवा

मुक्तिनाथ विकास बैंक लिमिटेडले डिजिटल भुक्तानीमा प्रोत्साहन गर्नका लागि अन्तरबैंक टेलर क्युआर सेवा सुरूवात गरेको छ ।

यस सेवाअन्तर्गत ग्राहकले कुनै पनि बैंकको मोबाइल बैंकिङ एपको प्रयोग गरी मुक्तिनाथ विकास बैंकको टेलरमा भएको क्युआर स्क्यान गरी सजिलै नगद झिक्न सक्नेछन् ।

यस सेवाको सुरूवातबाट ग्राहकहरूले परम्परागत रूपमा चेक तथा एटिएमको प्रयोगमार्फत रकम झिक्नुपर्ने बाध्यतालाई कम गर्न मद्दत पुग्नेछ । यस सेवा बैंकमा खाता नभएका, तर अन्य बैंकमा खाता भएका ग्राहकले पनि उपयोग गर्न सक्ने बताइएको छ ।यो सेवा प्रथम चरणमा बैंकको मुख्य शाखा लाजिम्पाट, पोखराको नागढुंगा, कोहलपुर, इटहरी, नारायणगढ र कमलादी शाखा कार्यालयबाट सुरू भएको छ । निकट भविष्यमा देशभरिकै शाखामा विस्तार गरिने बैंकले जनाएको छ ।

● एनसेल फ्ल्यास सेल्समा डेटा प्याकसँगै सामाजिक सञ्जालमा निःशुल्क पहुँच

एनसेलले साप्ताहिक फ्ल्यास सेल्स अफरलाई परिमार्जन गर्दै ग्राहकलाई प्रत्येक शनिबार लोकप्रिय सामाजिक सञ्जालमा २४ घण्टा निःशुल्क अनलिमिटेड पहुँचसमेत उपलब्ध गराउने भएको छ । यो अफर ३ देखि ३१ जेठसम्म प्रत्येक शनिबार सञ्चालन हुनेछ ।

शनिबार मात्र एनसेल एप र एनसेल पसल एपमा उपलब्ध हुने यो डेटा सेवा ग्राहकले विभिन्न चारवटा प्याक किन्दा विनाकुनै अतिरिक्त शुल्क पाउनेछन् । किनिएका प्याकका आधारमा टिकटक, फेसबुक, इन्स्टाग्राम र अनलिमिटेड युट्युब चलाउन पाउनेछन् । सोसल मिडियामार्फत गरिने भ्वाइस कल, भिडियो कल र लाइभ स्ट्रिमिङ सेवा भने उपलब्ध नहुने एनसेलले जनाएको छ ।

फ्ल्यास सेल्समा डबल मज्जा, डेटा रिन्युअल र दुई प्रकारका होम एन्ड अवे रिन्युअलका गरी चारवटा प्याक समावेश रहेका छन् । अफरअन्तर्गत ग्राहकले करसहित एक सय ५० रूपैयाँमा डबल मज्जा प्याक लिँदा सात दिन अवधिको सात जिबी डेटा पाउनेछन् । त्यस्तै, अर्थात् २४ घण्टासम्म अनलिमिटेड टिकटक चलाउन पाउनेछन् ।

त्यसैगरी, २९९ को डेटा रिन्युअल प्याकमा २८ दिन अवधिको सात जिबी डेटाका साथै बोनसका रूपमा २४ घण्टासम्म फेसबुकमा अनलिमिडेट पहुँच प्राप्त गर्न सक्ने एनसेलले जनाएको छ ।

त्यसैगरी, दुई होम एन्ड अवे रिन्युअल प्याक पनि यो अफरमा समावेश छन् । ५९९ रूपैयाँ पर्ने होम एन्ड अवे रिन्युअल प्याकमा ग्राहकले २८ दिन समयसीमा रहेको ४२ जिबीका अतिरिक्त २४ घण्टाका लागि इन्स्टाग्राममा अनलिमिटेड पहुँच पाउनुका साथै ७९९ रूपैयाँको प्याकमा ६५ जिबी र २४ घण्टाका लागि युट्युबमा अनलिमिटेड पहुँच पाउनेछन् । यो फ्ल्यास सेल्स अफरले ग्राहकलाई सुलभ दरमा डिजिटल अनुभव प्रदान गर्ने एनसेलको भनाइ छ ।

● नेपाल इन्भेस्टमेन्ट मेगा बैंकका ग्राहकलाई होलिडे इन रिसोर्टमा छुट

नेपाल इन्भेस्टमेन्ट मेगा बैंकका ग्राहकले बुढानीलकण्ठस्थित होलिडे इन रिसोर्टमा आकर्षक छुट पाउने भएका छन् । ग्राहकलाई छुट दिन बैंक र रिसोर्टबिच सम्झौता भएको छ । सम्झौताअनुसार बैंकका ग्राहकले खाना र सफ्ट ड्रिंक्समा १५ प्रतिशत छुट प्राप्त गर्नेछन् । उक्त छुट सुविधा पाउन बैंकको डेबिट-क्रेडिट कार्ड वा एनआइएमबि स्मार्ट (मोबाइल बैंकिङ)मार्फत भुक्तानी गर्नुपर्नेछ ।

● रिलायन्स फाइनान्स एनपिएस र नेपाल पे कार्डमा आबद्ध

रिलायन्स फाइनान्स र एनसिएचएलबिच एनपिएस-एनसिएस तथा डोमेस्टिक कार्ड स्किम (नेपाल पे कार्ड)को प्रिन्सिपल मेम्बरसिपका लागि सम्झौता भएको छ । उक्त सम्झौतापत्रमा फाइनान्सका प्रमुख कार्यकारी अधिकृत समाजप्रकाश श्रेष्ठ र एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका हुन् ।

एनसिएचएलले हालै एनपिएस-एनसिएसको पूर्वाधारको तयारी पूरा भएको घोषणा गर्दै बैंक तथा वित्तीय संस्थालाई नेपालको आफ्नै डोमेस्टिक कार्ड स्किम नेपाल पे कार्डका लागि आफ्नो स्विच इन्टिग्रेट गर्न आग्रह गरेसँगै बैंक तथा वित्तीय संस्थाहरू एनपिएस-एनसिएस र नेपाल पे कार्डमा आबद्ध भइरहेका छन् ।

नेपाल पे पूर्वाधारको कमर्सियल रोलआउटपश्चात् फाइनान्सले ग्राहकका लागि उक्त कार्ड इस्यु तथा अक्वायर गर्न सक्नेछ ।

● लक्ष्मी सनराइज बैंक एनपिएस र नेपालपे कार्डमा आबद्ध

लक्ष्मी सनराइज बैंक र एनसिएचएलबिच एनपिएस-एनसिएस तथा डोमेस्टिक कार्ड स्किम (नेपालपे कार्ड)को प्रिन्सिपल मेम्बरसिपका लागि सम्झौता भएको छ ।

उक्त सम्झौतापत्रमा बैंकका तर्फबाट प्रमुख खुद्रा तथा वित्तीय सेवा दीपेश अमात्य र एनसिएचएलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत निलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका हुन् ।

एनसिएचएलले हालै एनपिएस-एनसिएसको पूर्वाधारको तयारी पूरा भएको घोषणा गर्दै बैंक तथा वित्तीय संस्थाहरूलाई नेपालको आफ्नै डोमेस्टिक कार्ड स्किम नेपालपे कार्डका लागि आफ्नो स्विच इन्टिग्रेट गर्न आग्रह गरेसँगै बैंक तथा वित्तीय संस्थाहरू एनपिएस-एनसिएस र नेपालपे कार्डमा आबद्ध भइरहेका छन् ।

नेपालपे पूर्वाधारको कमर्सियल रोलआउटपश्चात् लक्ष्मी सनराइज बैंकले ग्राहकहरूका लागि उक्त कार्ड इस्यु तथा अक्वायर गर्न सक्नेछन् । एनपिएस-एनसिएसलाई विभिन्न कार्ड स्विचहरूबिच अन्तरआबद्धता कायम गर्दै डोमेस्टिक कार्ड कारोबारहरूको राउटिङ र सेटलमेन्टका लागि एक सेन्ट्रल कार्ड स्विचको रूपमा स्थापना गरिँदै छ ।

उक्त प्रणालीको पूर्ण कार्यान्वयनपश्चात् डोमेस्टिक कार्ड कारोबारहरूको लागत घटाउने, डाटा लोकलाइजेसन सुनिश्चित गर्ने र डिजिटल इकोसिस्टममा नवीनतम उपकरणहरूको विकास तथा प्रवर्द्धन हुने अपेक्षा गरिएको छ ।

● सिन्धु विकास बैंकको रक्तदान तथा सम्मान कार्यक्रम

सिन्धु विकास बैंकको शाखा कार्यालय बाह्रबिसेले नेपाल रेडक्रस सोसाइटी बाह्रबिसे उपशाखासँगको सहकार्यमा बाह्रबिसेमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । रक्तदान कार्यक्रममा ४३ जनाले रक्तदान गरी सहभागिता जनाएका थिए ।

त्यस्तै, बैंककै सहकार्यमा प्राइभेट प्याराडाइज माविमा आयोजित नगरस्तरीय अन्तरविद्यालय वक्तृत्वकला प्रतियोगितामा बाह्रबिसे नगरपालिकाका १० वटा विद्यालयका १८ जान विद्यार्थीले सहभागिता जनाएका थिए । उक्त कार्यक्रममा दुई सयजनाभन्दा बढी जनसमुदायको उपस्थिति रहेको थियो । सो वक्तृत्वकला प्रतियोगितामा प्रथम हुनेलाई १२ हजार, द्वितीयलाई नौ हजार र तृतीयलाई ६ हजार रूपैयाँ नगद उपहार पनि प्रदान गरिएको थियो ।

● सानिमा रिलायन्सको बिमालेख नवीकरणमा छुट

सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सको व्यतीत बिमालेख नवीकरण (पुनर्जागरण) गर्दा विलम्ब शुल्कमा शतप्रतिशत छुट पाइने भएको छ । विभिन्न कारणले समयमै बिमाशुल्क भुक्तानी गर्न नसकेका ग्राहकले यो अभियानबाट छुटको लाभ लिन सक्नेछन् । अभियान जेठ १ गतेदेखि २५ गतेसम्म लागू हुनेछ । पुनर्जागरण अभियानअन्तर्गत बिमालेख अवधिभित्र एकपटक मात्र ब्याज छुटको सुविधा प्रदान गरिने कम्पनीले जनाएको छ । सामान्य अवस्थामा बिमालेख व्यतीत रहँदा बिमितले रक्षावरण गुमाउनुका साथै अतिरिक्त विलम्ब शुल्क पनि भुक्तानी गर्नुपर्ने हुन्छ ।

संस्थाले सार्वजनिक गरेको पुनर्जागरण अभियानमा भने विलम्ब शुल्कमा छुटको सेवा-सुविधा लिई व्यतीत बिमालेख नवीकरण गरी मौकाको फाइदा लिन कम्पनीले अनुरोध गरेको छ । ग्राहकले कम्पनीका देशैभरका कार्यालयबाट वा अनलाइन भुक्तानीमार्फत योजनामा सहभागी हुन सक्नेछन् ।

● ग्लोबल आइएमई लघुवित्तले मनायो १३औँ वार्षिकोत्सव

ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्थाले विविध कार्यक्रम गरी १३औँ वार्षिकोत्सव मनाएको छ । वार्षिकोत्सवका अवसरमा संस्थाका विभिन्न शाखा तथा केन्द्रीय कार्यालयले विविध कार्यक्रम सञ्चालन गरे । संस्थाको केन्द्रीय कार्यालय विजयपुर, कास्कीले पोखरा महानगरपालिका-२६ मा वित्तीय साक्षरता आजको आवश्यकता विषयक अन्तरमाध्यमिक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरेको छ ।

त्यस्तै, शाखा कार्यालय नौडाँडाले पोखरा महानगरपालिका- २४ स्थित दोपहरे आमा समूहलाई सांस्कृतिक प्रवर्द्धनका लागि जिन्सी सामग्री वितरण गरेको छ भने मनकामना, गोरखा शाखाले मनकामना मन्दिर परिसरमा बृहत् सरसफाइ कार्यक्रम गरेको थियो । यसका साथै अमराई, अर्घाखाँची शाखाले शुभोधिनी माविमा शैक्षिक सामग्री वितरण तथा शाखा कार्यालय महेन्द्रनगर, धनुषाले क्षिरेश्वर जनता माविमा वित्तीय साक्षरता आजको आवश्यकता विषयक अन्तरमाध्यमिक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता कार्यक्रम सम्पन्न गरेको संस्थाका प्रमुख कार्यकारी अधिकृत हरिकृष्ण जोशीले बताए ।

● नवनियुक्त गभर्नर पौडेलले लिए पद तथा गोपनीयताको शपथ

नेपाल राष्ट्र बैंकका नवनियुक्त गभर्नर विश्वनाथ पौडेलले पद तथा गोपनीयताको शपथ लिएका छन् । उनले प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतसमक्ष पद तथा गोपनीयताको शपथ लिएका हुन् । सर्वोच्च अदालतमा आज आयोजित समारोहमा प्रधानन्यायाधीश राउतले अर्थविद् डा. पौडेललाई शपथग्रहण गराए ।

अर्थशास्त्री डा. पौडेल मंगलबार नेपाल राष्ट्र बैंकको १८औँ गभर्नर नियुक्त भएका थिए । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलको संयोजकत्वमा गठित सिफारिस समितिबाट सिफारिस भएका तीन नाममध्ये डा. पौडेललाई गभर्नरका लागि छनोट गरेको हो ।

गभर्नर सिफारिस गर्न गठित समितिको सदस्यबाट डा. पौडेलले २८ वैशाखमा राजीनामा दिएपछि उनी आफैँ उम्मेदवार बनेका थिए । सिफारिस समितिको मंगलबार बसेको बैठकले डा. पौडेलसहित नेपाल राष्ट्र बैंककी डेपुटी गभर्नर डा. नीलम ढुंगाना तिम्सिना र पूर्वसचिव दिनेश भट्टराईको नाम सिफारिस गरेको थियो । त्यसपछि मंगलबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले डा. पौडेललाई गभर्नरमा नियुक्त गर्ने निर्णय लिएको थियो । उनी राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष पनि हुन् ।

● सेन्ट्रल फाइनान्सको वार्षिक साधारणसभा

सेन्ट्रल फाइनान्सको २८औँ वार्षिक साधारणसभा आइतबार सम्पन्न भएको छ । सभाले गत आवको सञ्चालक समिति तथा लेखा परीक्षकको प्रतिवेदन पारित गरेको छ भने चालू आवका लागि लेखा परीक्षक नियुक्त पनि गरेको छ ।

२८ वर्षदेखि फाइनान्सले देशभरका १९ शाखा र एक एक्सटेन्सन काउन्टरबाट सेवा दिँदै आइरहेको छ । त्यसैगरी, फाइनान्सले सेन्ट्रल स्मार्ट मोबाइल बैंकिङ एप, एटिएम डेबिट कार्ड, चेक क्लियरिङ, आइपिएस, कनेक्ट आइपिएस, कर्पोरेट पे, रेमिट्यान्स सेवा, सी-आस्बाजस्ता आधुनिक बैंकिङ सेवासमेत प्रदान गर्दै आएको छ । हाल यसको चुक्ता पुँजी ९४ करोड ८८ लाख ७५ हजार रूपैयाँ छ भने निक्षेप सात अर्ब ३६ करोड र कर्जा चार अर्ब ८९ करोड रूपैयाँ रहेको छ ।

● एनसेलको ९९ रुपैयाँमै अनलिमिटेड कलसहितको प्याक

एनसेलले प्रिपेड ग्राहकका लागि तीनवटा नयाँ साप्ताहिक रिन्युअल प्याक ल्याएको छ । एक हप्ताका लागि ग्राहकको भ्वाइस, डेटा र एसएमएस सेवाको आवश्यकतालाई ध्यानमा राखी बजेटमैत्री विकल्पका रूपमा यी प्याक ल्याइएको एनसेलले जनाएको छ । यी प्याक मंगलबारदेखि नै लागू भएका छन् ।

भ्वाइस प्याकअन्तर्गत, ग्राहकले सात दिनसम्म एनसेल वा एनटिसीमा अनलिमिटेड कल गर्न सक्नेछन्, जसको मूल्य ९९ रूपैयाँ छ । हप्ताभरका लागि डेटा, भ्वाइस र एसएमएस सेवा चाहिने ग्राहकले भने ९९ रूपैयाँमा दुई जिबी डेटा, ४९ मिनेटको अल नेपाल कल र ९ वटा अल नेपाल एसएमएस भएको 'सधैँ अन' प्याक लिन सक्नेछन् । यसैगरी, डेटा मात्र चाहने ग्राहकले भने एक सय ५० रूपैयाँमा १० जिबी उच्च गतिको डेटा सात दिनसम्म प्रयोग गर्न सक्ने एनसेलले जनाएको छ ।

यी प्याक हरेक हप्ता आफैँ नवीकरण हुनेछन् । यसले ग्राहकलाई बारम्बार प्याक लिनुपर्ने झन्झटबाट मुक्त बनाउने बताइएको छ । सेवा साप्ताहिक रूपमा नवीकरण गर्ने वेला भने मोबाइलमा पर्याप्त ब्यालेन्स हुनुपर्ने कम्पनीले जनाएको छ ।

● ओमोडा एन्ड जेइकोको प्रि-बजेट एक्सचेन्ज अफर

ओमोडा एन्ड जेइकोको आधिकारिक वितरक एसपिजी अटोमोबाइल्स प्रालिले 'स्विच एन्ड ड्राइभ प्रि-बजेट एक्सचेन्ज अफर' योजना सार्वजनिक गरेको छ । यो योजना ४ देखि १० जेठसम्म ओमोडा ई-फाइभ र जेइको जे-सिक्स मोडेलमा लागू हुने कम्पनीले जनाएको छ ।

यो विशेष योजना विद्युतीय गाडीको फाइनान्सिङमा सरकारको नयाँ नीति तथा नियम लागू हुनुअघि नै गाडी खरिद तथा अपग्रेड गर्न चाहने ग्राहकलाई लक्षित गरिएको बताइएको छ ।'स्विच एन्ड ड्राइभ प्रि-बजेट एक्सचेन्ज अफर'अन्तर्गत ग्राहकले विभिन्न फाइदा लिन सक्नेछन्, जसमा निःशुल्क वर्षको बिमा, एउटा निःशुल्क सात किलोवाटको चार्जर र ब्याट्री तथा मोटरमा आठ वर्ष वा एक लाख ६० हजार किमिको वारेन्टी समावेश रहेको छ ।

त्यस्तै, ८० प्रतिशत फाइनान्सिङसहित ५५ लाख ९९ हजारबाट सुरु हुने गाडीको डेलिभरि जेठ ३१ अघि नै निश्चित गर्ने ग्राहकका लागि उत्साहजनक पुरस्कारको समेत व्यवस्था गरिएको कम्पनीले जनाएको छ ।

जसअनुसार गाडी डेलिभरि गरिएकामध्ये एक भाग्यशाली जोडीले चीनको भ्रमणका साथै अर्को एकजनाले आइफोन १६ प्रो जित्ने मौका पाउनेछन् । त्यसैगरी, पाँच भाग्यशाली जोडीले लक्जरी स्टेकेसन र दुईजनाले शून्य ब्याजदरमा १२ महिनासम्मको फाइनान्सिङ सुविधा प्राप्त गर्नेछन् । यो योजनाले इभी गाडीमा लागत बढ्नुअघि नै विशेष लाभसहित गाडी खरिद वा अपग्रेड गर्ने सुनौलो अवसर प्रदान गर्नेछ ।

मन्त्रिपरिषद्‌ले...

राज्य व्यवस्था तथा सुशासन समितिलमा बुझाएको प्रतिवेदनमा कर्मचारीहरूले अवकाश पाएको २ वर्षसम्म अन्यन्त्र नियुक्ति नपाउने प्रावधानलाई कर्मचारीहरूले विरोध जनाईरहेका छन् । अवकाशमा गएको दुई वर्षलाई कुलिङ पिरियड भनि दुई वर्ष पछि मात्र विभिन्न निकायमा जस्तै सम्वैधानिक निकाय, राजदूतमा नियुक्त हुन सक्ने प्रावधान हटाउन मुख्यसचिव सहित सचिवहरूले लविङ गरिरहेका र उक्त कुलिङ पिरियड नहटाएको खण्डमा आफूहरूले सामूहिक राजिनामा दिने धम्की दिइरहेका छन् ।

राष्ट्रसेवकहरूले आसजम्म गरेका कामको मूल्यांकन गरेर सरकारले उनीहरूलाई विभिन्न निकायमा नियुक्ति गर्ने गरेको छ । राज्य व्यवस्था समितिले गठन गरेको उपसमितिले कुलिङ पिरियड राख्न प्रहरी, सेना कानुन क्षेत्रलाई नसमेटेको हुनाले सरकारी कर्मचारीहरूले कि सबैलाई समान रूपले कुलिङ पिरियड राख्नुपर्दछ यदि होइन भने नियमति सेवाका व्यक्तिहरूलाई मात्र राखिएको हुनाले त्यो प्रावधान हुटाउनुपर्दछ भनिरहेका छन् ।

अब सो उपसमितिले समितिलाई बुझाएको प्रतिवेदनमा प्रहरी, सेना र कानुनी क्षेत्र लगायत अन्य सरकारी क्षेत्रका सबैलाई समान रूपमा कुलिङ पिरियड राख्नु उपर्युक्त हुनेछ । राजनीतिक दलहरूले आ आफ्नो स्वार्थ र दलगत स्वार्थलाई हरेर कानुन बनाउने गरेका हुनाले त्यस्तो कार्यका अन्त्य हुनु आवश्यक रहेको छ ।

मुलुकका ठुला दल भनिएका नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र लगायतका अन्य दलहरूले दलगत स्वार्थलाई भन्दा राष्ट्र र जननताको स्वार्थलाई हेरेर अघि बढ्न नसकेको हुनाले नै मुलुक संकटमा पर्दै गएको छ । सरकार गठन भएको दिनदेखि नै सरकारको विरोध गर्ने परिपार्टीको अन्त्य हुनैपर्दछ । कांग्रेस-एमालेको सहमति अनुसार बनेको ओली नेर्तत्वको सरकार गठन भएकै दिनदेखि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले ओली सरकार अप्राकृत्तिक र असम्वैधानिक भएको आरोप लगाउँदै आएका छन् ।

दाहालको नेतृत्वमा सरकार सरकार बन्दा प्राकृत्तिक हुने तर त्यही संसदले बनाएको ओली सरकार कसरी अप्राकृत्तिक र असम्वैधानिक भयो त्यसको जवाफ दाहालले जनतालाई दिन किन नपर्ने ? मुलुकमा भएका ठुला ठुला भ्रष्टाचारमा पूर्व प्रधानमन्त्री देखि मन्त्रीहरू हुँदै राजनीतिक दलका नेताहरू संलग्न हुँदै आएका भएपनि अपवादलाई छोडेर अन्यलाई कारबाही हुन सकेको छैन ।

कानुन सबैको लागि बराबरी भन्ने सिद्धान्तलाई उल्लँघन गर्दै ललिता निवासको सरकारी जग्गामा नक्कली गुठी खडा गर्ने बाबुराम भट्टराई र त्यही नक्कली गुठीको मोहीलाई सरकारी जग्गामा मोही कायम गर्ने निर्णय गर्ने तत्कालिन प्रधानमन्त्री बाबुराम भट्टराई र माधव नेपालमाथि किन कारबाही भएन ? मन्त्रिपरिषद्‌ले गर्ने निर्णयहरू नीतिगत निर्णय हुन् भन्ने माधव नेपालको भनाईलाई लिएर अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा नेपालले बयान दिएका छन् तर मन्त्रिपरिषद्‌ले गर्ने सबै निर्णयहरू नीतिगत निर्णय हुन सक्दैनन् । मन्त्रिपरिषदले निर्णय गर्दा आर्थिक चलखेल समेत भएका तथ्यहरू बाहिर आएका छन् ।

पुष्पकलम दाहाल प्रधानमन्त्री रहेका बेला ललिता निवास जग्गा काण्डमा मुछिएका बाबुराम भट्टराई र माधव नेपाललाई उन्मुक्तिः दिएर सो काण्डमा मुछिएका अन्य व्यक्तिहरूलाई मुद्दा चलाइएको थियो । नेपालको कानुन अनुसार प्रधानमन्त्री भनेको मन्त्रिपरिषद्‌को मुख्य व्यक्ति भएको र सम्पूर्ण निर्णयहरूका जिम्मेवारी प्रधानमन्त्री नै हुने व्यवस्था रहेको र मन्त्रीहरू भनेको प्रधानमन्त्रीका सहयोगीमात्र हुने गरेका हुनाले मन्त्रीहरूले राजिनामा दिएपनि प्रधानमन्त्रीको पद सुरक्षित हुन्छ तर प्रधानमन्त्रीले राजिनामा दिए मन्त्रीहरू स्वत पदमुक्त हुने भएकाले गर्दा मन्त्री परिषद्‌का सम्पूर्ण निर्णयहरूको जिम्मेवारी कार्यकारी प्रधानमन्त्री नै हुने भएकाले गर्दा माधव नेपाललाई ललिता निवास र पतञ्जलीलाई हदबन्दी भन्दा बढीको जग्गा खरिद र विक्रि गर्न दिने निर्णयको जिम्मेवारी माधव नेपालले नै लिनुपर्दछ त्यही कारणले गर्दा उनीमाथि कानुनी कारबाही हुनु आवश्यक छ ।

दुगड...

वितरण गर्ने नुन एसियाकै उत्कृष्ठ नुनमा पर्ने र एसियाकै अन्य मुलुकमा भन्दा सस्तो भएको विभिन्न अध्ययनले देखाएको छ ।

साल्ट टेडिङ्ग कर्पोरेशनमा सरकारको २१.७८ प्रतिशत शेयर रहेको छ भने अन्य सेयर निजी क्षेत्रका विभिन्न व्यक्तिहरूको रहेको छ । साल्टले प्रत्येक वर्ष आफ्ना शेयर धनीहरूलाई बोनस समेत दिइरहेको र साल्टले निकै सस्तो मूल्यमा नुन विक्रि वितरण गर्दै आएकोमा केही विवादास्पद व्यापारीहरू जस्तै मोतीलाल दुगड, शशीकान्त अग्रवालाहरूले पहिलादेखि नै नुनको व्यापार खुल्ला गरी आफूहरूले समेत विक्रि वितरण गर्न पाउनुपर्ने लविङ्ग सरकारसँग गर्दै आएका थिए ।

मोतीलाल दुगड तत्कालिन उद्योग तथा वाणिज्य आपूर्ति राज्यमन्त्री रहेका बेला नुनको व्यापार आफूले गर्न पाउनुपर्ने भन्दै सरकारलाई दवाव दिँदै आएका थिए । उनी नेकपा एमालेसँग सम्बन्धित रहेकाले गर्दा सरकारको नीति तथा कार्यक्रममै सो विषय पार्न सफल भएका छन् ।

केही समय पहिला शशीकान्त अग्रवालका छोराले नुनको व्यापार आफूले गर्ने भन्दै डिलरसिप लुिनको लागि गोरखापत्रमा सूचना जारी गरी निकै मोटो रकम असुल उपर गरी उनी बेपत्ता भएका थिए । अहिले आएर दुगड र शशीकान्त अग्रवालकै सक्रियतामा नुनको व्यापार खुल्ला गर्ने प्रयास गरिरहेका भएपनि त्यसको व्यापक विरोध भएको छ ।

साल्टले आयोनुन, भानु नुन लगायतका अन्य विभिन्न प्रकारका नुन एसियाका अन्य मुलुक भन्दा सस्तोमा विक्रि वितरण गरिहेको र सरकारले नुनको व्यापार खुल्ला गरेमा अहिले साल्टले बेच्ने नुनको मूल्य घटिमा ४० देखि ५० रूपैँया प्रतिकिलो पार्ने रणनीतिमा दुगड र अग्रवालको भएकाले गर्दा नुनको व्यापार साल्टबाहेक अरूलाई नुनको व्यापार गर्न दिनु जनताको हितमा कुनै सर्तमा पनि उपर्युक्त हुँदैन ।

भ्रष्टाचार...

बेच्ने निर्णय गरेका थिए । काभ्रेको विभिन्न स्थानमा रहेको हदबन्दी भन्दा बढीको जग्गा कानुन मिचेर माधव नेपाल नेतृत्वको सरकारले रामदेवको पतञ्जलीलाई विक्रि गर्न दिने निर्णय गरेको थियो । पतञ्जलीले आफूले खरिद गरेको जग्गा आफूलाई उपयुर्क्त नभएको भन्दै सो जग्गा विक्रि गर्न सरकारसँग आग्रह गरेपछि खरिद गरेको दुई महिना नपुग्दै सो जग्गा विक्रि गर्न सरकारले अनुमति दिएका थियो ।

पतञ्जलीले त्यति बेला खरिद गरेको मूल्य र विक्रि गरेको मूल्यमा आकाश जमिनको फरक रहेको छ । यतिबेलाको जग्गाको मूल्यलाई कम देखाएर सरकारी रकम समेत छलिएको र सरकारी श्रेस्तामा प्रतिआना १ लाखका दले खरिद गरिएको उल्लेख गरिएको भएपनि काठमाडौ हाउजिङ कम्पनीलाई विक्रि गरिएको जग्गाको मूल्यमा प्रतिआना १८ लाखमा विक्रि गरिएपनि सरकारी श्रेस्तामा निकै कम मूल्य राखिएको छ ।

माधव नेपाल ललितानिवास जग्गा काण्डमा समेत संलग्न रहेका र बाबुराम भट्टराईले खडा गरेको नक्कली टिकिन्छा गुठी र नक्कली मोहीलाई जग्गा दिलाउने व्यक्तिसमेत माधव नेपाल नै भएका र आफ्नो नेतृत्वको मन्त्रिपरिषद्‌को बैठकले गरेका निर्णयहरू नीतिगत हुने भन्दै आफूलाई कानुनी कारबाही हुन नसक्ने बताइरहेका नेपाल अहिले गणतन्त्रमाथि खतरा रहेको भन्दै आफ्नो बचाउमा लागि परेका छन् ।

नुनको व्यापारमा...

दोस्रो रायमा भनिएको थियो सार्वजनिक हित र सरोकारसँग जोडिएको नुनजस्तो आवश्यक बस्तुको अभाव हुन नदिई देशका सबै ठाउँमा निरिक्षण एवं समुचित विक्रि वितरणको व्यवस्था मिलाउनका लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालको राजपत्रमा प्रकाशित सूचना कानुन विपरित नदेखाई उक्त सुचनाबाट निवेदकहरूको मौलिक हकमा आघात परेको नदेखिएकाले सर्बोचले नुनको कारोबार निजी क्षेत्रलाई खुल्ला गर्नुपर्ने माग दावी खारेज गरेको थियो ।

त्यसबेला अहिले नुनको कारोबार गर्न आफुहरूले पाउनुपर्ने मागदावी गर्ने व्यक्तिहरू मोतीलाल दुगड, शशीकान्त अग्रवाल र दीपक मल्होत्रा सर्बोच्च अदालतमा पुगेका थिए । सर्बोच्चको आदेशपछि पनि उनीहरूनै नुनको कारोबार गर्न पाउनुपर्ने भन्दै लविङ गरिरहेका थिए भने अग्रवालका छोराले त नुनको डिलरसिप लिन गोरखापत्रमा सूचना नै निकालेर मोटो रकम हात पारि उनी फरार रहेका थिए ।

मोतीलाल दुगड नेकपा एमालेसँग सम्बन्धित रहेका र उनी उद्योग वाणिज्य तथा आपूर्ति राज्यमन्त्री रहेका बेलामा नुनको कारोबार खुल्ला गरि आफूहरूले कारोबार गर्ने मनसायले अघि बढेका थिए । दुगड, अग्रवाल र मल्होत्रा विवादास्पद व्यापारी रहेका छन् । व्यक्तिगत स्वार्थ पूर्ति गर्नका लागि उनीहरू जस्तासुकै हथकण्डा अपनाउन पछि परेका छैनन् ।

मल्होत्रा, भूपेन्द्र कार्की, कुलप्रकाश मास्के र लालबहादुर उप्रेती मिलेर निकै पहिला हेटौडामा हिमाली नुन प्रालि स्थापना गरेका थिए । २०४९ भाद्र ५ गते नुनको कारोबार साल्टबाट खोसेर आफूहरूले समेत गर्ने गरी तत्कालिन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीबाट निर्णय गराएका थिए ।

२०५० जेष्ठ १५ गते देखि हेटौडामा उद्योग स्थापना गरी नुनको आयात र विक्रि थालेकोमा २०५४ माघ २० मा रूपन्देहीको सिद्धार्थनगर ४ मा उद्योग स्थापना गरेका थिए । उनीहरूले शहरी क्षेत्र र सुगम ठाउँमा मात्र नुन बेचेर आर्थिक लाभ लिएका थिए । तर त्यसबेला पनि साल्ट ट्रेडिङले देशैभर नुनको विक्रि गर्नुपर्ने सर्त रहेको थियो ।

मल्होत्राको समूहले राजनीतिक नेतृत्वलाई रिझाएर नुन विक्रिको अधिकार लिएको भएपनि सुगम र निश्चित क्षेत्रमा मात्र नुन विक्रि वितरण गरेपछि र दुर्गम जिल्ला र पहाडी तथा हिमाली जिल्लामा नगएपनि २०५५ चैत्र ८ गतेको मन्त्रिपरिषद्‌को बैठकले पुन साल्ट टेडिङ्गलाई मात्र नुनको कारोबार गर्न दिने निर्णय गरेको थियो । सरकारको सो निर्णय विरूद्ध उनीहरू उच्च अदालत पाटनमा गएकोमा उच्च अदालत पाटनले सरकारको निर्णयलाई सदर गरेपछि उनीहरू सर्बोच्च पुगेका थिए भने सर्बोच्चले समेत उच्च अदालतबाट र सरकारको निर्णयलाई सदर गरेको थियो ।

साल्ट्रले अहिले काठमाडौ उपत्यका लगायत शहरी क्षेत्रमा आयोनुन प्रतिप्याकेट २६ रूपैँया, तराईमा प्रतिकेजी १८ रूपैँया र दुर्गम क्षेत्रमा ९ रूपैँयामा भानु नुन विक्रि वितरण गर्दै आएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यति प्रतिशत आयोडिन मिसाउनु भनेर साल्ट्रलाई पत्रमार्फत निर्देशन दिने गरेको हुनाले साल्ट्रले त्यही निर्देशनलाई पालना गर्दै नुनमा आयोडिन मिसाउने गरेको छ ।

पछिल्लो समयमा नुनमा आयोडिनको मात्रा बढी भएको भन्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको भनाईमा कुनै सत्यता देखिँदैन । विभिन्न अध्ययनले आयोडिनको मात्रा बढी भएको देखाएको मन्त्रालयको भनाईलाई पत्याउन सक्ने कुनै आधार देखिएको छैन ।

कुन कुन समयमा कस कसले आयोडिन बढी भएको अध्ययन गरे ? त्यस्तो अध्ययन मुलुकभरमै भयो कि नुनको व्यापार गर्न खोज्ने स्वार्थ समूहहरूले गराएको अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको अव त्यसको खोजविन गरिनु आवश्यक रहेको छ ।

साल्ट्रले अहिले विक्रि वितरण गरिरहेको नुन एसियामै उत्कृष्ट ठहरिन्छ भन्ने मूल्यपनि एसियाभरिमा सस्तो रहेको छ । नेपालमा नुनको कारोबार वार्षिक २ अर्बभन्दा केही बढी हुने भएकाले स्वार्स्थ समूह दुगड अग्रवाल र मल्होत्राको आँखा नुनमा गएको हो । साल्ट्र टेडिङ्गले अहिलेसम्म पुऱ्याएको योगदानको कदर गर्दै उसलाई पुरस्कृत गर्नुपर्नेमा उसले पुऱ्याएको योगदान वापत् उसलाई दण्ड दिन खोज्नु भिमसेन थापाकी श्रीमतीले यो देशमा भलो गर्ने व्यक्तिको कहिल्यै भलो नहोस् भन्ने सरापलाई अहिले स्मरण गराउँछ ।

साल्ट्रले जस्तोसुकै कठिन परिस्थितिमा नुनको अभाव हुन दिएको छैन । चाहे भारतले नेपालमाथि लगाएको आर्थिक नाकाबन्दी होस्, चाहे २०७२ मा आएको भूकम्पको बेलामा होस् । २०२० सालमा पब्लिक प्राइभेट पार्टनरसिप अर्न्तगत गठन भएको साल्टमा नेपाल सरकारको २१.७८ प्रतिशत शेयर रहेको छ भने बाँकी सबै निजी क्षेत्रका व्यक्तिहरूको रहेको छ । करिब ६२ वर्षदेखि नेपाल सरकार र नेपाली जनतालाई पुऱ्याएको सेवावापत साल्ट्रलाई दण्ड दिन खोजिएको जस्तो अहिले देखिएको र केही स्वार्थी समूह, स्वास्थ्य मन्त्रालयका केही लोभी समूहको साल्टबाट नुनखोस्ने योजना रहेको र त्यस्तो योजनालाई स्वास्थ्य मन्त्रालयका उच्च पदस्थ कर्मचारीहरूको समेत सहयोग र समर्थन रहेकोले यस विषयमा तत्काल सरकारले आफ्नो निर्णय सच्चचाउनु आवश्यक रहेको छ । सरकार भनेको गरिब र दुर्गम पहाडी र हिमाली जिल्लाका बासिन्दाहरूको समेत भएकोले उनीहरूलाई महंगो मूल्य नुन खुवाउने षड्यन्त्र पर्दाफास सरकारले नै गर्नुपर्दछ ।

राजसंस्था...

छ । राज्यका प्रमुख संवैधानिक तथा न्यायिक अंगहरू दलिय हस्तक्षेप र दलीयकरणको गम्भीर शिकार बनिसकेको सन्दर्भमा यस व्यवस्थाबाट तपाईंहरू पनि सन्तुष्ट हुनुहुन्न भन्ने हाम्रो बुझाइ छ । यसैले वर्तमान व्यवस्था परिवर्तन गर्न' आजको ऐतिहासिक आवश्यकता हो भन्ने कुरामा हामीबीच साझा समझदारी हुन सक्ने आशा लिएको छु ।'

उनले रास्वपाको मूल सैद्धान्तिक चिन्तन र वर्तमान व्यवस्थाप्रतिको आलोचनालाई दृष्टिगत गर्दै आन्दोलनमा सहकार्य र सहभागिताको लागि अनुरोध गरेका छन् । 'आउनुहोस्, यो चरम दलीयकरण र अव्यवस्थाको अन्त्य गरी राष्ट्रिय पहिचान, न्याय, धर्म र लोकतन्त्र पुनःस्थापित गर्ने हाम्रो साझा लक्ष्यका लागि संयुक्त रूपमा अघि बढौं, संवैधानिक राजसंस्था, सनातन हिन्दू राष्ट्र, बहुदलिय प्रजातन्त्र पुनःस्थापना गरौं', पत्रमा भनिएको छ ।

भ्रष्टाचारीहरूले...

गिरिबन्धु टि स्टेट काण्ड, नक्कली भुटानी शरणार्थी काण्ड लगायतको धेरै काण्डहरू सतहमा आएका भएपनि त्यस्ता काण्डमा संलगन भएका अपवाद बाहेक अन्यलाई कानुनी कारबाही हुन सकेको छैन ।

हालै नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री माधव नेपालले गणतन्त्रमाथि खतरा उत्पन्न भएको अभिव्यक्ति दिएपछि उनका विरूद्धमा सामाजिक सञ्जालमा व्यापक विरोध भएको छ । स्मरण रहोस् माधव नेपाल ललिता निवासको सरकारी जग्गामा नक्कली गुठी, टिकिन्छाका नक्कली मोहीलाई जग्गा दिने निर्णय उनी प्रधानमन्त्री रहेका बेला गरेका थिए भने हदबन्दी भन्दा बढीको काभ्रेको जग्गा भारतीय योगगुरू रामदेवको पतञ्जलीलाई विक्रि गर्ने निर्णय समेत माधव नेपालले नेतृत्व गरेको मन्त्रिपरिषद्‌ले २०६६ माघ १६ गते गरेको थियो ।

निजकै अध्यक्षतामा बसेको मन्त्रिपरिषद्‌को बैठकले २०६६ साल फागुनमा पतञ्जलीले खरिद गरेको काभ्रेको जग्गा २ महिना नपुग्दै पतञ्जलीलाई विक्रि गर्न दिने निर्णय गरेका थिए । हदबन्दीभन्दा बढीको जग्गा विक्रि गर्न दिने कानुन अहिलेसम्म बन्न सकेको छैन तर माधव नेपाल नेतृत्वको मन्त्रिपषिद्‌को बैठकले जग्गा विक्रि गर्ने निर्णय गर्नुको पछाडि आर्थिक चलखेल रहेको छ । तर माधव नेपालले मन्त्रिपरिषद्‌ले गर्ने निर्णयहरू नीतिगत निर्णय हुने बयान अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा दिएका छन् ।

अहिले आफूमाथि कारबाही हुने डरले उनले गणतन्त्रमाथि खतरा उत्पन्न भएको भन्दै जनताको ध्यान अर्को तिर मोड्न खोज्नु भनेको भ्रष्टाचार गर्नु पाउनुपर्छ भन्नु होइन र ? गणतन्त्रलाई देखाएर भ्रष्टचार गर्नेहरूले गणतन्त्रमाथि खतरा भएको अभिव्यक्ति दिनु भनेको आफूमाथि कारबाही नहोस् भन्नु बाहेक अन्य केही हुन सक्दैन ।

सांसद...

प्रधानन्यायाधिश प्रकाशमान सिंह राउत रहेका थिए ।

तत्कालिन अर्थमन्त्री प्रकाशशरण महतले २०८०/८२ को बजेटमा संसदीय क्षेत्र, पूर्वाधार विकास कार्यक्रम व्युँताएका थिए । त्यसबेला सो कार्यक्रमका नाममा १३ अर्ब ३२ करोड २५ लाख रूपैँया छुट्याइएको थियो । त्यसका विरूद्ध अधिवक्ताद्वय त्रिलोक बहादुर चन्द र यज्ञप्रसाद अधिकारीले सर्बोच्च अदालतमा रिट दायर गरेका थिए ।

सो रिटमाथि सम्वैधानिक इजलासमा बहस भएकोमा अदालतले संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमलाई रोक्न अन्तरिम आदेश दिएको थियो । तर, अहिले पनि सांसदहरूले अर्को नाम दिएर भएपनि सांसद विकास कोषका लागि रकम छुट्याउन सरकारलाई दवाव दिइरहेका छन् । यदि सरकारले रकम नछुट्याएको खण्डमा बजेट नै पारित नगर्ने उनीहरूले धम्की समेत दिन थालेका छन् ।

सत्ता पक्ष र प्रतिपक्ष सासदहरूको दवाव बढेपछि सरकारले २०८०/८१ २७५ सांसदलाई लागि प्रत्येक निर्वाचन क्षेत्रमा ५ करोड विनियोजन गर्ने र त्यसरी विनियोजन गर्दा १३ अर्ब ७५ करोड विनियोजन गर्नु परेको थियो । भने अहिले सरकारले गरेको गृहकार्य अनुसार प्रत्येक निर्वाचन क्षेत्र १ सय ६५ निर्वाचन क्षेत्रका लागि ३४ अर्ब ६५ करोड छुट्याउनुपर्ने देखिन्छ । त्यसरी छुट्याइएको रकममध्ये सांसदले सहजीकरण र रेखदेखमा १० प्रतिशत सांसदले खर्च गर्न पाउने भएकाले त्यही १० प्रतिशत लागि उनीहरू लागि परेका छन् । एउटै निर्वाचन क्षेत्रमा प्रत्यक्ष निर्वाचित समानुपातिक र राष्ट्रिय सभामा सांसद समेत रहने भएकाले त्यही रकमका लागि सांसदहरूबीचमा झगडा पर्ने सम्भावना समेत देखिएकाले सांसद विकाष कोषमा रकम छुट्याउनु कुनै सर्तमा पनि उचित हुन सक्दैन ।

मनसुनजन्य विपद्‌बाट बच्ने उपाय

- आपतकालीन अवस्थामा चाहिने सामग्री सुरक्षित रुपमा भण्डारण गरौं,
- बाढीको सम्भावना भएको बेला सतर्क बनौं र सुरक्षित स्थानमा सरौं,
- पहिरो सम्भावित क्षेत्रमा सकेसम्म यात्रा नगरौं,
- घर बनाउँदा सुरक्षित स्थान, संरचना र प्रविधिको प्रयोग गरौं,
- आपतकालीन झोला (औषधि, पानी, टर्च, सञ्चारका साधनसहित) तयार राखौं,
- विपद् पूर्वतयारीसम्बन्धी तालिममा सहभागी बनौं,
- विपपछि भ्रम र डर नफैलाऔं, आधिकारिक सूचना मात्र अनुसरण गरौं,
- सामूहिक सहयोग, सजगता र तयारीले मात्र विपद्‌बाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौ • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार